# SUKUNA MULTIPLE CAMPUS

**INDRAPUR, MORANG**
**NEPAL**
**SECOND HIGHER EDUCATION REFORM GRANTS PROJECT**
**UGC**
**Nepal**



## STRATEGIC PLAN 2010 – 2014

**Submitted to UGC**
**Sanothimi, Bhaktapur**
**February, 2010 (Falgun, 2066)**

**Sukuna Multiple Campus, Morang**
**Phone No. 021545617, 021545717**
**Fax: 021545717**
E-mail: **sukunac@yahoo.com**

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त

# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS

इन्द्रपुर, मोरङ
INDRAPUR, MORANG
स्थापित : २०४८

☎ : ०२१ - ५४५६१७
☎ : ०२१ - ५४५७१७
फ्याक्स : ०२१ - ५४५७१७
E-Mail: sukunac@yahoo.com

पत्र सङ्ख्या
चलानी नम्बर : ४८१/२०६६/६७

मिति : २०६६/११/२७

विषय : रणनीतिक योजना पठाइएको सम्बन्धमा ।

श्रीमान् अध्यक्षज्यू,
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर (नेपाल)

महोदय,

उपर्युक्त सम्बन्धमा यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोगसँग मिति २०६६।१०।७ मा गरेको दोस्रो उच्च शिक्षा परियोजना (SHEP) अन्तर्गत Scheme 'B' को सम्झौताका आधारमा पाँचवर्षे रणनीतिक योजना (Strategic Plan) तर्जुमा गरी एक प्रति यसै पत्रसाथ पठाइएको बेहोरा अनुरोध छ ।

क्याम्पस प्रमुख
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

(पीतकुमार श्रेष्ठ)
क्याम्पसप्रमुख

# मन्तव्य

वि.सं. २०४८ सालदेखि सामुदायिक स्तरमा सञ्चालित सुकुना बहुमुखी क्याम्पस पूर्वाञ्चलकै एउटा महत्त्वपूर्ण शैक्षिक प्रतिष्ठानका रूपमा स्थापित हुन पुगेको तथ्य सबैमा जगजाहेर छ । स्थानीय अभिभावक, बुद्धिजीवी, प्राध्यापक, राजनीतिकर्मी र विद्यार्थीहरूको सामूहिक प्रयत्न र भूमिकाको फलस्वरूप आज क्याम्पसले उल्लेखनीय सफलता हासिल गर्न सकेकोमा हामी सबैले गौरव बोध गरेका छौँ ।

भरखरै विश्वविद्यालय अनुदान आयोग र सुकुना बहुमुखी क्याम्पसका बीचमा दोस्रो उच्च शिक्षा परियोजना (SHEP) Scheme "B" अर्न्तगत दुईपक्षीय सम्झौता सम्पन्न भएको छ । विश्वविद्यालय अनुदान आयोगले अघि सारेका पूर्वाधार र सर्तहरू पूरा गर्न क्याम्पस प्रतिबद्ध रहेको छ । सरोकारवाला सम्पूर्ण पक्षहरूको सक्रिय संलग्नतामा निर्मित यो पञ्च वर्षीय रणनीतिक योजनाले यस क्याम्पसको संस्थागत क्षमता अभिवृद्धि गर्नका साथै भविष्यका क्रियाकलापहरूलाई दिशाबोध गर्न महत्त्वपूर्ण मार्गनिर्देशन गर्नेछ भन्ने आशा लिइएको छ । यसै सन्दर्भमा क्याम्पसलाई महत्त्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने त्रि.वि. तथा विश्वविद्यालय अनुदान आयोग (UGC) प्रति हामी कृतज्ञ छौँ । यस रणनीतिक योजना निर्माणमा महत्त्वपूर्ण सुझावहरू दिनुहुने सम्पूर्ण सरोकारवाला महानुभावहरू, सहजकर्ता, विशेषज्ञ मित्रहरू र प्रतिवेदन सम्पादनमा अहोरात्र खट्ने क्याम्पसका प्राध्यापक तथा कर्मचारी साथीहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

मिति : २०६६/११/१४

अध्यक्ष

चन्द्रबहादुर गुरुङ
अध्यक्ष, सञ्चालक समिति

# प्राक्कथन

स्थानीय स्तरमा उच्च शिक्षा सुलभ गराउने पवित्र उद्देश्य राखी शिक्षक, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी, राजनीतिकर्मी, जनप्रतिनिधि, उद्यमी, व्यापारी आदि सबैको सामूहिक प्रयासबाट २०४८ सालमा मानविकी सङ्कायतर्फ प्रवीणता प्रमाणपत्र तहको कक्षा सुकुना माध्यमिक विद्यालयको भवनमा सञ्चालन गरी स्थापना गरिएको यो सुकुना बहुमुखी क्याम्पस सम्प्रति त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी शिक्षाशास्त्र सङ्कायतर्फ स्नातकोत्तर, व्यवस्थापन सङ्कायतर्फ स्नातकोत्तर र मानविकीतर्फ स्नातकसम्म एवम् उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन प्राप्त गरी +२ (विज्ञान, व्यवस्थापन, शिक्षा र मानविकी) को समेत शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । स्थानीय र छिमेकी गा.वि.स.का शिक्षाप्रेमी अभिभावकहरूबाट प्राप्त चन्दा, सहयोग, दानदातव्य र वर्सेनि वाञ्छित मात्रामा वृद्धि हुँदै आएको विद्यार्थीसङ्ख्या नै वर्तमानसम्म यस क्याम्पसको मुख्य आर्थिक स्रोत रहेको छ । यसैबाट क्याम्पसले भौतिक संरचना र पूर्वाधार पनि आवश्यकता अनुसार तयार गर्दै आएको छ । विश्वविद्यालय अनुदान आयोगबाट वार्षिक रूपमा प्राप्त हुने सीमित अनुदान र स्थानीय निकायहरूबाट यदाकदा प्राप्त हुने सामान्य आर्थिक सहयोगका अतिरिक्त कुनै किसिमको बाह्य आर्थिक स्रोत नभए पनि यो क्याम्पस आफ्नै बलबुताबाट छोटो अवधिमा यहाँसम्म आइपुग्नुमा सबै सरोकारवाला पक्षहरूको सामूहिक ऐक्यबद्धता, सहयोग र सद्भाव नै मुख्य कारक हुन् भन्दा अत्युक्ति नहोला ।

यति हुँदाहुँदै पनि हालसम्म परम्परागत स्रोत र साधन तथा पुरानै व्यवस्थापन शैलीबाट मात्र क्याम्पस सञ्चालन हुँदै आएकोमा यसलाई समयसापेक्ष आधुनिकीकरण गरी आगामी दिनहरूमा क्याम्पसलाई अझ उन्नत बनाउँदै लैजान दीगो आर्थिक स्रोत, प्रभावकारी व्यवस्थापन, शान्त शैक्षिक वातावरण, गुणस्तरीय पठनपाठन, भौतिक सुविधासम्पन्न पुस्तकालय र योजनाबद्ध कार्यक्रमहरूको आवश्यकतालाई सर्वोपरि महत्त्व दिनुपर्ने हुन्छ । यसै सन्दर्भमा विश्वविद्यालय अनुदान आयोग (UGC) र अन्य दातृ निकायहरू समेत यस क्याम्पसको विकासमा तत्पर हुनु गौरवको विषय भएको छ । विश्वविद्यालय अनुदान आयोगद्वारा जारी गरिएको कार्यक्रम Second Higher Education Project (SHEP) अन्तर्गत Reform Grants (Scheme 'B') मा यो क्याम्पस छनोट भई त्यसका लागि सम्झौता समेत भइसकेको परिप्रेक्ष्यमा सरोकारवाला पक्षहरूको समावेशात्मक सहभागितामा पाँचवर्षे रणनीतिक योजना (Strategic Plan) तर्जुमा गोष्ठी सम्पन्न गरी त्यसैको निष्कर्षस्वरूप यो रणनीतिक योजना (Strategic Plan) को प्रारूप तयार गरिएको छ ।

अन्तमा यस पवित्र कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संलग्नता र सहभागिता जनाउने विश्वविद्यालय अनुदान आयोग (UGC) लगायत सम्बद्ध सबै पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



-----------------

(पीतकुमार श्रेष्ठ)

क्याम्पस प्रमुख

मितिः २०६६।११।१४

विषय सूची

## खण्ड - एक (Section - One)


| | पृष्ठ |
|---|---|
| १. परिचय (Introduction) | १ |
| १.१. पृष्ठभूमि र औचित्य (Contexts and Rationale) | १ |
| १.२. योजनाका उद्देश्यहरू (Purpose of the Plan) | १ |
| १.३. योजना निर्माण प्रक्रिया/ विधि (Process of Preparing the Plan) | १ |
| १.४. सहभागीहरू (Participants) | १ |
| १.५. सरोकारवालाहरू (Stakeholders) | २ |
| १.६.रणनीतिक योजनाका प्रमुख पक्षहरू(Components of the Strategic Plan) | ३ |
| १.७.योजनाको क्षेत्र (Scope of the Plan) | ३ |


## खण्ड - दुई (Section - Two)

### संस्थागत पार्श्वचित्र (Institution's Profile)


| | |
|---|---|
| २.१. सेवाक्षेत्रको समीक्षा (Overview of the Catchment Area) | ४ |
| २.१.१. भौगोलिक अवस्थिति (Geographical Setting) | ४ |
| २.१.२. सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक स्थिति (Socio-cultural, Economic and Political Settings) | ४ |
| २.१.३. शैक्षिक अवस्था र क्षेत्र (Educational Status and Scope) | ४ |
| २.१.४.सरोकारवाला र उनीहरूको सहभागिताको क्षेत्र (Stake-holders and Scope of their Participation) | ५ |
| २.२. संस्थाको विवरण (Description of the Institution) | ७ |
| २.२.१ .ऐतिहासिक पृष्ठभूमि (Historical Background) | ७ |
| २.२.२. भौतिक पूर्वाधार (Physical Infrastructures) | ८ |
| २.३ शैक्षिक कार्यक्रम तथा सहक्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management) | ११ |
| २.३.१ कार्यक्रम तथा विद्यार्थी भर्ना विवरण (Programmes and Student Enrollement and Composition) | ११ |
| २.३.२. सह क्रियाकलाप व्यवस्थापन र सहयोग (Curricular Management and Support) | १२ |
| २.३.३ शिक्षण–सिकाइ व्यवस्थापन र अभ्यास (Teaching Learning Management and Practices) | १२ |
| २.३.४ शिक्षण–सिकाइ स्रोतहरू र सहयोग (Teaching Learning Resources and Support): | १२ |
| २.३.५. परीक्षा प्रणाली र परीक्षाफल (Examination System and Result) | १२ |
| २.४. मानवीय स्रोत व्यवस्थापन (Human Resource Management) | १३ |

२.४.१. प्रशासनिक संरचना विवरण (Administrative Personals and Staffs) १४
२.४.२. सङ्कायगत कार्यक्रम व्यवस्थापन (Faculty-wise Programme Management) १४

२.५. संस्थागत व्यवस्थापन (Institutional Management) १५
२.५.१. संस्थागत संरचना (Institutional Structure) १५
२.५.२. सञ्चालक समिति (Management Committee) १५
२.५.३. प्रशासन (Administration) १६
२.५.४. प्राज्ञिक व्यवस्थापन (Academic Managemnet) १६
२.५.५. सङ्काय, शिक्षक र विद्यार्थी सङ्ख्या (Facultywise Teachers and Students number) १७
२.६. आर्थिक तथा वित्तीय व्यवस्थापन (Economic and Financial Management) १७
२.६.१. स्थिर सम्पति (Fixed Assets) १७
२.६.२. सञ्चालन खर्च र प्रवृत्ति (Operational Expenditure and Trend) १७
२.६.३ आम्दानीका स्रोतहरू (Sources of Income) १८
२.६.४ प्रतिविद्यार्थी लागत (Cost Per Student) १९
२.६.५ वित्तीय प्रणाली (Financial System) १९
२.६.६ वित्तीय निर्भरताका लागि अपनाइका उपायहरू (Financial Sustainability Measures Adopted) १९

२.७ अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Documentation and Publication) २०
२.७.१. अनुसन्धान र विकास (Research and Development) २०
२.७.२. अभिलेखीकरण र प्रकाशन (Documentation and Publication) २०
२.८ अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) २०
२.८.१. Indoor Activities २०
२.८.२. Out door Activities २०

## खण्ड – तीन (Section -Three)
## विकास प्रवृत्ति (Development Trend)

३.१. भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure) २१
३.२. कार्यक्रमिक/ प्राज्ञिक विकासको प्रवृति ( Program/Academic Development Trend ) २१
३.३. विद्यार्थी भर्ना प्रवृत्ति (Student Enrollment Trend) २२
३.४. मानव संसाधन विकास (Human Resource Development) २२
३.५. शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio) २३

३.६. संस्थागत विकास (Institutional Development) २३
३.७. आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development) २४
३.८. अनुसन्धान अभिलेखीकरण (Research Documentation) २४
३.९. अतिरिक्त क्रियाकलाप विकास (Extra Curricular Development) २४

## खण्ड - चार (Section - Four)
## संस्थागत अवस्था विश्लेषण (SWOT Analysis of Institution)

४.१. सबल पक्ष (Strength) २५
४.२. दुर्बल पक्ष (Weakness) २६
४.३. अवसर (Opportunity) २६
४.४.चुनौतीहरू (Threats and Challenges) २७
४.५. संस्थागत विकासका लागि आधारभूत तथा मुख्य प्राथमिकताका क्षेत्र (Basis and core Priorities for the Institutional Development) २७

## खण्ड - पाँच (Section - Five)
## रणनीतिक योजना (Strategic Plan)

५.१ Vision, Mission, Goals and Objectives (VMGO) २८
५.२ आधारभूत मूल्यमान्यताहरू (Core Values and Norms) २९
५.३ रणनीतिक योजनाका प्रमुख क्षेत्रहरू (Major areas of Strategic Plan) ३०
५.४ अनुगमन तथा मूल्याङ्कन प्रणाली (Monitoring and Evaluation System) ४०
५.५ पूर्वानुमान /सीमाहरू (Assumptions /Limitations) ४२

## खण्ड - छ (Section-Six)
## स्रोत परिचालन (Resource Mobilization)

६.१ सरोकारवालाहरूको मञ्च (Stake Holders Forum) ४३
६.२ प्रतिवद्धता र चासो (Commitment and Concern) ४३
६.३ कार्यसम्बन्ध (Networking) ४३
६.४ स्रोत परिचालनको योजना (Scheme for Resource Mobilization) ४३

# अनुसूची


| | | पृष्ठ |
|---|---|---|
| अनुसूची : १ | Logical Framework Analysis of 5 Years' Action Plan (2010-2014) | I |
| अनुसूची : २ | पूर्णकालीन प्राध्यापकहरूको विवरण | XXVII |
| अनुसूची : ३ | कर्मचारीहरूको विवरण | XXIX |
| अनुसूची : ४ | अंशकालीन प्राध्यापकहरूको विवरण | XXX |
| अनुसूची : ५ | सरोकारवाला सहभागीहरूको नामावली | XXXII |
| अनुसूची : ६ | खर्चको प्रवृत्ति | XXXIV |
| अनुसूची : ७ | आ.व. २०६६/०६७ को अनुमानित वार्षि बजेट | XXXV |

**तालिकाको सूची** पृष्ठ


| | |
|---|---|
| तालिका नं. १ : सङ्कायगत विवरण | ९ |
| तालिका नं. २ : भौतिक पूर्वाधार | ९ |
| तालिका नं. ३ : कार्यक्रम र विद्यार्थी विवरण | ११ |
| तालिका नं. ४ : विद्यार्थी नतिजा | १३ |
| तालिका नं. ५ : कार्यक्रमहरू | १४ |
| तालिका नं. ६ : सञ्चालक समिति | १५ |
| तालिका नं. ७ : प्राध्यापक विवरण | १६ |
| तालिका नं. ८ : सङ्कायगत शिक्षक-विद्यार्थी विवरण | १७ |
| तालिका नं. ९ : सञ्चालन खर्च विवरण | १७ |
| तालिका नं. १० : भौतिक पूर्वाधार विकास प्रवृत्ति | २१ |
| तालिका नं. ११ : प्राज्ञिक विकास प्रवृत्ति | २१ |
| तालिका नं. १२ : विद्यार्थी भर्ना विवरण | २२ |
| तालिका नं. १३ : सङ्कायगत शिक्षक विवरण | २२ |
| तालिका नं. १४ : कर्मचारी विवरण | २२ |
| तालिका नं. १५ : शिक्षक विद्यार्थी अनुपात | २३ |
| तालिका नं. १६ : संस्थागत विकास | २३ |
| तालिका नं. १७ : आर्थिक तथा वित्तीय विकास विवरण | २४ |
| तालिका नं. १८ : व्यवस्थापकीय रणनीतिहरू | ३० |

# खण्ड - एक (Section - One)

## परिचय (Introduction)

### १.१. पृष्ठभूमि र औचित्य (Contexts and Rationale) :

उच्चशिक्षाको शैक्षिक स्तर वृद्धि गर्न र क्याम्पसहरूको संस्थागत क्षमतामा अभिवृद्धि गर्न विश्वविद्यालय अनुदान आयोग (UGC) ले दोस्रो उच्चशिक्षा परियोजना (SHEP) सञ्चालन गरेको छ । यसै सन्दर्भमा विश्वविद्यालय अनुदान आयोग र सुकुना बहुमुखी क्याम्पसका बीच Scheme "B" अन्तर्गत सम्झौता समेत भइसकेको छ । UGC का सेवा-सर्तहरू पूरा गर्न क्याम्पसले प्रतिबद्धतासमेत जनाइसकेको परिप्रेक्ष्यमा सन् २०१० देखि २०१४ सम्मको योजनाबद्ध साथै आन्तरिक संस्थागत क्षमता अभिवृद्धि गर्ने अभिप्रायले क्याम्पसँग सरोकारवाला पक्षसमेतलाई संलग्न गराई भविष्यमा एउटा “सभ्य, समुन्नत र न्यायपूर्ण समाज निर्माणका लागि शैक्षिक उन्नयन” गर्ने दूरदृष्टि (Vision) राखी यो पाँचवर्षे रणनीतिक योजनाको निर्माण गरिएको हो ।

### १.२. योजनाका उद्देश्यहरू (Purpose of the Plan) :

१. क्याम्पसको उच्चशिक्षा तहको संस्थागत क्षमताको अभिवृद्धि गर्नु ।
२. कार्यसम्पादनमा कुशलता हासिल गरी जवाफदेहिता सुनिश्चित गर्नु ।
३. स्थानीय स्रोत र साधनहरूको पहिचान र परिचालन गर्नु ।
४. विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सहयोगको सदुपयोग गरी योजनाबद्ध कार्यक्रमहरू लागू गर्नु ।
५. सरोकारवाला पक्षको सक्रिय सहभागितामा वृद्धि गरी अपनत्वको भावना जागृत गर्नु।
६. उच्च शिक्षामा सुविधाविहीन वर्गको पहुँच बढाउनु ।
७. क्याम्पसलाई उच्च शैक्षिक अनुसन्धान केन्द्र (Research Centre) का रूपमा विकास गर्ने आधार तयार गर्नु ।
८. वर्तमान भौतिक, शैक्षिक र व्यवस्थापकीय अवस्थामा सुधार र विकास गर्नु ।

### १.३. योजना निर्माण प्रक्रिया/ विधि (Process of Preparing the Plan):

सरोकारवाला पक्षहरूको प्रत्यक्ष संलग्नतामा ३ दिने कार्यशाला गोष्ठी गरी क्याम्पसमा भएका पूर्वसञ्चालित कार्यक्रमहरूको पुनरवलोकन, अवस्थाको विश्लेषण, छलफल, अन्तर्क्रिया, समूहगत कार्य, प्रस्तुति, विषयगत र क्षेत्रगत कार्यको निचोड, ड्राफ्टतयारी साथै सरोकारवाला पक्षहरू र विशेषज्ञसमेतको छलफल एवम् सुझाव सङ्कलन गरी यो रणनीतिक योजनालाई अन्तिम रूप दिने कार्य भएको छ ।

### १.४. सहभागीहरू (Participants) :

क) सञ्चालक समितिका पदाधिकारीहरू,
ख) परिषद् सदस्यहरू,
ग) क्याम्पसप्रमुख, पूर्वक्याम्पसप्रमुख
घ) सहायक क्याम्पसप्रमुखहरू,
ङ) स्नातकोत्तर कार्यक्रम संयोजक,
च)प्राध्यापक संघका पदाधिकारीहरू,
छ) स्वतन्त्र विद्यार्थी युनियनका प्रतिनिधिहरू,
ज) स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरू,
झ) प्राध्यापकहरू,
ञ) विषय शिक्षण समितिका प्रतिनिधिहरू,

ट) स्थानीय राजनीतिक दलका प्रतिनिधहरू,
ठ) स्थानीय उद्योग वाणिज्य सङ्घ र सहकारी स्थाका प्रतिनिधिहरू,
ड) विभिन्न विद्यार्थी सङ्गठनका प्रतिनिधिहरू,
ढ) लेखा समितिका पदाधिकारीहरू,
ण) पुनरावेदन समितिका पदाधिकारीहरू,
त) निवृत्त शिक्षक प्रतिनिधि,
थ) योजनासम्बन्धी विशेषज्ञहरू
द) अभिभावकहरू आदि ।

(सहभागीहरूको नामावली अनुसूची ५ मा उल्लेख गरिएको छ ।)

## १.५. सरोकारवालाहरू (Stakeholders)

क्याम्पसको संस्थागत विकास गर्न प्रत्यक्ष र अप्रत्यक्ष ढङ्गले संलग्न व्यक्ति, संस्था र निकायहरू सरोकारवाला पक्षका रूपमा रहेका छन् । यस क्याम्पसका लागि विद्यार्थी, प्राध्यापक, कर्मचारी, सञ्चालक समिति, अभिभावक, समुदाय, राजनीतिक दलहरू, विभिन्न सङ्घसंस्थाहरू, पत्रकार, त्रिभुवन विश्वविद्यालय, शिक्षण संस्थाहरू, विश्वविद्यालय अनुदान आयोग, उच्च माध्यमिक शिक्षा परिषद्, स्थानीय निकायहरू (गा.वि.स., न.पा., जि.वि.स.), सहयोगी निकाय (दातृ संस्थाहरू), चन्दा दाता, जग्गा दाता, समाजसेवी, विभिन्न सङ्घसंस्थाहरू र आसपासका विद्यालयहरूलाई सरोकारवाला पक्षका रूपमा लिन सकिन्छ । रणनीतिक योजना तर्जुमा कार्यशालामा संलग्न सहभागीहरूबीच समूहकार्य, प्रस्तुति र छलफल विधिबाट सरोकारवालाहरूको अपेक्षा तथा रणनीतिहरू निम्न अनुसार निर्धारण गरिएको छ :

| क्र.सं | सरोकारवालाहरू | अपेक्षा | रणनीतिहरू |
|---|---|---|---|
| १. | विद्यार्थीहरू | गुणस्तरीय शिक्षा | योग्य शिक्षक र प्रभापकारी शिक्षणका लागि सुविधासम्पन्न प्रयोगशाला, उचित वातावरण र पर्याप्त पुस्तकहरूको व्यवस्था । |
| २. | प्राध्यापक/कर्मचारी | उचित सेवा-सुविधा, सुरक्षा र तालिम | आयस्रोतको पहिचान, सङ्कलन, स्थायित्व, उपादान, तालिमको अवसर र वृत्ति विकासको व्यवस्था गर्ने । |
| ३. | सञ्चालक समिति | नमुना कलेजको निर्माण, स्तरीय शिक्षा | दीगो आर्थिक स्रोतको पहिचान/व्यवस्थापन गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्ने । |
| ४ | अभिभावक, चन्दा दाता | सुरक्षित वातावरणमा सर्वसुलभ, गुणस्तरीय शिक्षा, स्रोतको उचित परिचालन | अभिभावकहरूबीच अन्तर्क्रिया, वार्षिक अभिभावक भेला गरी आयव्यय, शैक्षिक विवरणको प्रस्तुति एवम् सामाजिक परीक्षण गर्ने र अभिलेखीकरण गर्ने । |
| ५ | विश्वविद्यालयहरू (त्रि.वि/उ.मा.शि.प.) | स्तरीय परिणाम र निर्देशन कार्यान्वयन | उचित शैक्षिक वातावरण निर्माण, स्तरीय शिक्षकको व्यवस्थापन र नियमित पठनपाठन गर्ने । |
| ६ | स्थानीय निकायहरू, गैर सरकारी सङ्घसंस्थाहरू | स्रोत र साधनको उचित परिचालन | स्रोत परिचालन समितिको निर्माण, योजना कार्यान्वयन तथा आन्तरिक लेखाजोखा गर्ने । |
| ७ | छिमेकी शिक्षण संस्थाहरू | गुणस्तरीय शिक्षा तथा शिक्षण सिकाइ सुविधा, सुरक्षित आवास र प्रतिस्पर्धी जनशक्ति उत्पादन | नियमित पठनपाठन, कुशल व्यवस्थापन, यातायातको व्यवस्थापन र छात्रावासको व्यवस्था गर्ने । |
| ८ | राजनैतिक दल | आफ्नो योगदानको उचित कदर, उचित पठनपाठन | सहभागिताका आधारमा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने । |
| ९ | पत्रकार, मानवअधिकारवादी | पारदर्शिता र समान अधिकार तथा सहभागिता | सही सूचनाको सम्प्रेषण, समान अवसर तथा व्यवहार प्रदान, प्रतिवेदन सम्प्रेषण गर्ने । |
| १० | उद्योगी, व्यापारी | प्रदत्त साधन र स्रोतको सदुपयोग साथै अवसर | स्रोत र साधनको आव्हान, माग, अनुरोध, प्रतिष्पर्धात्मक अवसर र उचित व्यवस्थापन गर्ने । |
| ११ | सुरक्षा निकाय | वास्तविक स्थितिको | परिस्थितिअनुसार आवश्यक सूचना प्रदान गर्ने, |

| | | | |
|---|---|---|---|
| | | जानकारी, शान्ति सुरक्षा कायम | सूचनाका लागि संयन्त्रको निर्माण र प्रयोग गर्ने तथा शान्तिपूर्ण वातावरणको निर्माण गर्ने । |
| १२ | पूर्व सञ्चालक समिति, प्राध्यापक, विद्यार्थीहरू | आत्मसम्मान तथा क्याम्पसको उज्वल भविष्य | अनुभवको प्रयोग, सल्लाह, सुझाव लिने र सम्मान गर्ने । |

## १.६.रणनीतिक योजनाका प्रमुख पक्षहरू(Components of the Strategic Plan)

रणनीतिक योजना निर्माणका क्रममा सरोकारवाला पक्षहरूको सहभागिताअनुसार क्याम्पसको परिकल्पना साकार बनाउन लक्ष्य, उद्देश्य, कार्यक्रम र रणनीतिहरूका बारेमा छलफल गरी निष्कर्ष निकाल्ने काम भएको छ । जसका लागि सरोकारवाला पक्षहरूको प्रत्यक्ष सहभागितामा क्याम्पसका सफलता, गुनासाहरू, गर्न नसकिएका कामहरू, गर्नुपर्ने कामहरू र विद्यमान अवस्थाको विश्लेषण गरियो । क्याम्पसको वर्तमान अवस्था र आगामी पाँच वर्षभित्रमा गरिने योजनाको निर्माण गर्ने क्रममा सरोकारवालाहरूको विश्लेषण, क्याम्पसको विद्यमान अवस्थाको जानकारी, अवस्थाको विश्लेषण, परिवेशको विश्लेषण, Vision, Mission, Goal and Objectives (VMGO) निर्धारण र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूको क्षेत्रगत लक्ष्य, उद्देश्य, क्रियाकलाप, सूचक र रणनीतिसम्बन्धी कार्ययोजनाहरू समावेश गरिएको छ । क्याम्पसका लागि रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूमा क्रमशः व्यवस्थापन तथा संस्थागत विकास, शैक्षिक विकास, भौतिक पूर्वाधार विकास, दिगो आर्थिक व्यवस्थापन, अनुसन्धान, प्रकाशन र अभिलेखीकरण, सुशासन एवम् लैङ्गिक संवेदनशीलता र समावेशीकरणलाई निर्धारण गरिएको छ ।

## १.७.योजनाको क्षेत्र (Scope of the Plan)

रणनीतिक योजना निर्माण गर्ने भनेको भविष्यको आवश्यकता, सम्भावना र चुनौतीहरूको लेखाजोखा गरी कार्यान्वयन तथा मूल्याङ्कनको मापदण्ड (Criteria) तयार पार्ने भएकाले यो आफैमा एउटा महत्त्वपूर्ण औजार हो । यसले भविष्यमा गरिने क्रियाकलाप (Activities) र निर्णय प्रक्रियाको समेत दिशाबोध गर्दछ । यो रणनीतिक योजना सरोकारवाला पक्षहरूबीचको प्रत्यक्ष संलग्नतामा निर्माण गरिएको हुनाले यसले सबैमा अपनत्व (Ownership) र उत्तरदायित्वको भावना अभिवृद्धि गरी क्याम्पसको संस्थागत विकासमा टेवा पुर्‍याँउछ । सहजकर्ता, विषय विशेषज्ञ एवम् आबद्ध पक्षको सहभागितात्मक कार्यशैलीमा चरणबद्ध रूपमा योजना तयार गरिनु आफैंमा महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । यसले क्याम्पसलाई निम्न लिखित फाइदाहरू पुर्‍याउन सक्छ :

क) क्याम्पसमा प्राप्त भएको स्रोत र साधनको उचित प्रयोग गराउँछ ।
ख) सरोकारवाला पक्षहरूको स्वामित्व र अपनत्वको भावना बढाउँदछ ।
ग) कार्यक्रम कार्यान्वयनमा सरोकारवाला पक्षहरूको सहभागितामा अभिवृद्धि गराउँछ ।
घ) भविष्यको बाटो स्पष्ट पार्न सहयोग पुग्दछ ।
ङ) नियमित र निरन्तर रूपमा कार्यक्रम सञ्चालन गर्न ढोका खुल्छ ।
च) जिम्मेवार पक्षलाई निर्णय गर्नका लागि ठोस आधार तयार गर्दछ ।
छ) अन्तर्सम्बन्धको विकास गरी अगाडि बढ्न सजिलो हुन्छ ।
ज) क्रमिक रूपमा समस्याको समाधान हुँदै जान्छ ।
झ) क्याम्पस सञ्चालन कार्यशैलीमा स्पष्टता आउँछ ।
ञ) सहयोगी निकायसँगको सम्बन्ध र विश्वास बढ्दछ ।
ट) प्राप्त हुने र हुनसक्ने अनुदान सहयोग कार्यान्वयनमा सहयोग पुग्दछ ।
ठ) क्याम्पसको संस्थागत विकास र प्रभावकारी व्यवस्थापनका लागि विश्वासिलो दस्तावेजका रूपमा काम गर्दछ ।

# खण्ड - दुई (Section-Two)

## संस्थागत पार्श्वचित्र (Institution's Profile)

### २.१. सेवाक्षेत्रको समीक्षा (Overview of the Catchment Area)

यस क्याम्पसको सेवाक्षेत्र (Catchment area) प्रत्यक्ष रूपमा मोरङ, सुनसरी, झापा र धनकुटा हुन् भने अप्रत्यक्ष रूपमा पूर्वाञ्चलका सबै जिल्लाहरू हुन् । हालसम्म यिनै क्षेत्रहरूबाट उच्च शिक्षा हासिल गर्न विभिन्न तह र सङ्कायमा विद्यार्थीहरू आउने गरेका छन् ।

### २.१.१. भौगोलिक अवस्थिति (Geographical Setting)

सुकुना बहुमुखी क्याम्पस पूर्वाञ्चल विकासक्षेत्रको कोसी अञ्चल, मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स. वडा नं. ४ मा अवस्थित छ । यो क्याम्पस पूर्वाञ्चलको औद्योगिक नगरी विराटनगरबाट लगभग २२ कि.मि. उत्तरपूर्व, चारकोसे झाडीदेखि १.५ कि.मि. र महेन्द्र राजमार्गदेखि ५०० मि. दक्षिणमा अवस्थित छ । त्यसैगरी सुनसरी जिल्लाको इटहरी नगरपालिकादेखि १२ कि.मि. पूर्व, हरैंचा बजारदेखि ६ कि.मि. उत्तर, बेलबारीबजारबाट ३ कि.मि. पश्चिममा रहेको छ । यसका छिमेकी गा.वि.स.हरू उत्तरमा केराबारी, पूर्वमा बेलबारी, दक्षिणमा हरैंचा र पश्चिममा मृगौलिया रहेका छन् ।

### २.१.२.सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक स्थिति (Socio-cultural, Economic and Political Settings)

क्याम्पस अवस्थित गा.वि.स. र छिमेकी गा.वि.स.हरूमा विभिन्न जात, जाति, धर्म र संस्कृतिका मानिसहरूको मिश्रित बसोबास रहेको छ । यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा पनि सामाजिक रूपले विविधता रहेको छ । त्यसैगरी यो गा.वि.स. तथा आसपासका क्षेत्रहरू तीव्र गतिमा नगरउन्मुख भइरहेका हुँदा पूर्वाञ्चलका विभिन्न जिल्लाबाट बसाइ सरेर आउने मानिसहरूको कारणले पनि सामाजिक र साँस्कृतिक विविधता रहेको छ । यसरी यहाँ विविधतामा एकता कायम रहेको छ । यहाँका मानिसहरूका मुख्य पेसा कृषि, व्यापार, उद्योग, नोकरी तथा ज्यालामजदुरी आदि रहेका छन् । यहाँ आर्थिक रूपले मध्यम, निम्नमध्यम र निम्न वर्गका मानिसहरूको बसोबास रहेको छ । यस क्षेत्रमा विभिन्न राजनैतिक दलहरू कार्यरत छन् । आपसी मेलमिलाप, र समझदारीका आधारमा आर्थिक, सामाजिक, भौतिक, शैक्षिक तथा अन्य विकासात्मक कार्यमा सहकार्य गर्ने परम्परा र संस्कार नै यस क्षेत्रको विशिष्ट परिचय रहन गएको छ ।

### २.१.३. शैक्षिक अवस्था र क्षेत्र (Educational Status and Scope)

यस क्याम्पसको स्थापनाले यस क्षेत्रको आसपासका विद्यालय तथा उच्च मा.वि.का शैक्षिक जनशक्तिलाई महत्त्वपूर्ण योगदान दिएको छ भन्दा अत्युक्ति नहोला । किनकि पूर्वाञ्चलकै महत्त्वपूर्ण शिक्षा क्याम्पसको अग्रणी भूमिका निर्वाह गर्दै स्नातकोत्तर तहसम्मको पठनपाठनले शिक्षा आर्जनप्रतिको जनचाहनालाई मूर्त रूप दिन यो क्याम्पस सफल भएको छ । यस क्याम्पसले शैक्षिक जनशक्तिको उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आफ्ना

सेवाग्राहीहरूलाई शिक्षा, व्यवस्थापन, मानविकी र विज्ञान सङ्कायहरू सञ्चालनका साथै अन्य शैक्षिक सेवाहरू प्रदान गरिरहेको छ । यसले स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्तिदेखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी राष्ट्रको शैक्षिक जनशक्तिको मागलाई पूरा गर्ने कार्यमा योगदान पुऱ्याउँदै आएको छ ।

### २.१.४. सरोकारवाला र उनीहरूको सहभागिताको क्षेत्र (Stake-holders and Scope of their Participation)

यस क्याम्पसका मुख्य सरोकारवाला भनेका सञ्चालक समिति, प्राध्यापक, कर्मचारी, विद्यार्थी, अभिभावक र विभिन्न सामाजिक सङ्घसंस्थाहरू नै हुन् । यिनै सरोकारवालाहरूको संयुक्त सहकार्यमा यो क्याम्पस सुचारु रूपले सञ्चालन हुदै आएको छ । यस क्याम्पसको भावी प्रगति र विकास पनि यीनै सरोकारवालाहरूको आपसी सुझबुझ, समझदारी र सहकार्यले नै निश्चित गर्दछ। तसर्थ यसको शैक्षिक, प्राज्ञिक, भौतिक र अन्य विकासमा पनि सम्पूर्ण सरोकारवालाहरूको सहभागिता अपरिहार्य छ ।

यसै सन्दर्भमा रणनीतिक योजना निर्माण गर्दा कार्यशाला गोष्ठीमा सहभागी सरोकारवालाहरूले Political, Economic, Social, Technological and Legal Analysis (PESTAL Analysis) गरी निम्न आधारहरू प्रस्तुत गरेका छन् :

P = Political Environment (राजनीतिक अवस्था)

सकारात्मक पक्षहरू (Positive Aspects)

क) अन्तरिम संविधान २०६६ ले शिक्षालाई मौलिक अधिकार ठान्नु ।
ख) खुल्ला तथा सामुदायिक वश्वविद्यालयको अवधारणा र बहुविश्वविद्यालयको अवधारणाको विकास हुनु ।
ग) छात्रवृत्तिमा वृद्धि तथा विस्तार हुनु ।
घ) आर्थिक अनुदानमा वृद्धि हुनु ।
ङ) शिक्षा आयोगका प्रतिवेदनहरूको सकारात्मक प्रभाव पर्नु ।
च) राजनैतिक दलका घोषणापत्रहरूले शिक्षालाई महत्त्व दिनु ।
छ) स्थानीय निकायहरूको शिक्षाप्रतिको सकारात्मक धारणा हुनु ।
ज) स्थानीय राजनीतिक दलहरूको क्याम्पसप्रति सकारात्मक धारणा रहनु ।
झ) सहस्राब्दी विकासको अवधारणा बन्नु ।

नकारात्मक पक्षहरू (Negative Aspects) :

क) मौलिक अधिकारका रूपमा शिक्षालाई लिइए तापनि कार्यान्वययनमा उदासीनता देखिनु ।
ख) शिक्षा क्षेत्रमा राजनैतिक हस्तक्षेप बढ्नु ।
ग) प्रशासनिक संयन्त्र परम्परागत ढाँचाको हुनु ।

निष्कर्ष (Conclusion) :

राष्ट्रिय परिवेशमा शिक्षा क्षेत्रमा माथि उल्लिखित कमी कमजोरी देखिए तापनि यो क्याम्पस एकमना एकताका साथ शैक्षिक उन्नययनमा लागेको स्थिति छ ।

## E=Economic Environment (आर्थिक अवस्था)

सकारात्मक पक्षहरू(Positive aspects) :

क) शिक्षा क्षेत्रमा आर्थिक विकेन्द्रीकरणको नीति अवलम्बन गरिनु ।
ख) शिक्षामा आर्थिक अनुदानमा वृद्धि र स्वायत्तता प्रदान गर्नु ।
ग) गैर सरकारी संस्थाहरूलाई शिक्षा क्षेत्रमा काम गर्ने वातावरण प्रदान गर्नु ।
घ) शिक्षण संस्थाले दान, अनुदान, चन्दा स्वीकार गर्न पाउने व्यवस्था गरिनु ।
ङ) समुदायको तीव्र आर्थिक उन्नति हुनु ।
च) क्याम्पसलाई आर्थिक सहयोग गर्न स्थानीय व्यक्तिहरू उत्साही र तत्पर हुनु ।
छ) स्थानीय निकायहरूबाट आर्थिक सहयोग प्राप्त हुनु ।
ज) विद्यार्थी सङ्ख्यामा उल्लेखनीय वृद्धि हुनु ।

नकारात्मक पक्षहरू (Negative aspects) :

क) निम्न तथा विपन्न परिवारका विद्यार्थीको बाहुल्यका कारण व्ययभार वढ्नु ।
ख) सरकारको आर्थिक नीति विभेदकारी रहनु ।
ग) उच्च आर्थिक स्तरका परिवारका विद्यार्थीहरूलाई प्रवेशकालागि आकर्षण गर्न नसक्नु ।
घ) सरकार शैक्षिक दायित्ववाट पन्छिन खोज्नु ।

## S=Social Environment (सामाजिक अवस्था)

सकारात्मक पक्षहरू (Positive aspects) :

क) साम्प्रादायिक सद्भाव र सहिष्णुता रहनु ।
ख) बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक एवं बहुधार्मिक सामाजिक परिवेश हुनु ।
ग) स्थानीय समुदायको क्याम्पसप्रति सकारात्मक धारणा हुनु ।

नकारात्मक पक्षहरू (Negative aspects) :

क) जातीय, भाषिक तथा सांस्कृतिक हिसाबले सम्पन्न भईकन पनि आर्थिक रूपमा विपन्न वर्गको बाहुल्य भएको सामाजिक परिवेश हुनु ।
ख) राष्ट्रिय परिवेशले गर्दा साम्प्रदायिक सद्भाव एवं सहिष्णुता बिग्रने डर हुनु ।

## T= Technological Environment (प्राविधिक अवस्था)

सकारात्मक पक्षहरू (Positive Aspects) :

क) टेलिफोन, फ्याक्स, कम्प्युटर, ओभरहेड प्रोजेक्टर, इमेल, एन्टरनेटको व्यवस्था हुनु ।
ख) विज्ञान प्रयोगशालाको व्यवस्था हुनु ।

नकारात्मक पक्ष (Negative Aspects) :

क) यी माथिका बाहेक अत्याधुनिक प्रविधिले प्रवेश नपाउनु । जस्तै : Multi-media projector, E-library, Net working, Electronic Documentation आदि ।
ख) परम्परागत कक्षाशिक्षण एवम् व्यवस्थापन ।
ग) विद्यमान जनशक्तिलाई अत्याधुनिक प्रविधिमा प्रवेश गराउन नसक्नु ।

L = Legal Environment (कानुनी अवस्था)

क) नेपालको अन्तरिम संविधान २०६३ (मौलिक हक र राज्यका निर्देशक सिद्धान्त)
ख) त्रि.वि. ऐन/ नियमावली
ग) त्रि.वि.सेवा ऐन/ नियमावली
घ) नेपालको शिक्षा ऐन/नियमावली
ङ) नेपाल सरकारको आर्थिक प्रशासन ऐन/नियमावली
च) सुकुना बहुमुखी क्याम्पसको क्याम्पस नियमावली
छ) सुकुना वहुमुखी क्याम्पस विद्यार्थी कर्मचारी, शिक्षक आचार संहिता
ज) लेखा समितिद्वारा क्याम्पसको आर्थिक कारोवारमा परीक्षण
झ) हरेक आर्थिक वर्ष रजिस्टर्ड अडिटरद्वारा क्याम्पसको लेखापरीक्षण
ञ) क्याम्पसमा भए गरेका दण्ड सम्बन्धी न्यायिक पुनरावेदन समिति
ट) क्याम्पस सञ्चालक समितिको कार्यकारी नेतृत्व
ठ) क्याम्पस प्रशासनबाट शैक्षिक र प्रशासनिक नेतृत्व

## २.२. संस्थाको विवरण (Description of the Institution)

### २.२.१.ऐतिहासिक पृष्ठभूमि (Historical Background)

:

शिक्षामा सर्वसाधारण जनताको पहुँच वृद्धि गर्न विकेन्द्रीकरणको नीति लागू भएपछि स्थानीय स्तरमा विभिन्न सङ्घसंस्था, विद्यालय र क्याम्पसहरूको स्थापना भएको पाइन्छ। यसै अनुरूप आफ्ना छोराछारीहरूलाई स्थानीय स्तरमा नै गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने यस क्षेत्रका अभिभावकहरूको चाहनालाई मूर्त रूप दिन मिति २०४८/०८/१७ गते मोरङ जिल्ला इन्द्रपुर गा.वि.स. स्थित श्री सुकुना मा.वि. को संयोजनमा स्थानीय  शिक्षक, अभिभावक, बुद्धिजिवी, समाजसेवी, राजनीतिक व्यक्तिहरूको भेलाद्वारा  क्याम्पस सञ्चालन गर्ने निर्णय भएबमोजिम २१ सदस्यीय सुकुना क्याम्पस तदर्थ समितिको गठन गरियो र मिति २०४८/१०/१४ गतेका दिन त्रि.वि. बाट मानविकी सङ्काय अन्तर्गत प्रवीणता प्रमाण पत्र तहको सम्बन्धन प्राप्त गरी विधिवत् रूपमा सुकुना क्याम्पस स्थापना हुन पुग्यो । यस क्याम्पसले मिति २०४८/११/११ देखि बिहानी सत्रमा ८ जना प्राध्यापक र ५६ जना विद्यार्थीसहित श्री सुकुना मा. वि.मा कक्षा सञ्चालन गर्न शुरु गर्‍यो । यसरी सुरु भएको यस क्याम्पसले हाल आफ्नै जमिनमा शिक्षण भवन प्रशासनिक भवन आदिको निर्माण गरी क्याम्पस सञ्चालन गरेको छ ।

यस क्षेत्रका जनताको शिक्षाप्रतिको निष्ठा र उत्साहको परिणामस्वरूप स्थापना भएको सुकुना बहुमुखी क्याम्पस विभिन्न आरोह-अवरोह पार गर्दै दोस्रो दशक पूरा गर्न लाग्दैछ । शिक्षा प्राप्त गर्नु मानवमात्रको नैसर्गिक अधिकार हो भन्ने विश्वव्यापी मान्यतालाई आत्मसात् गर्दै यस क्षेत्रका अभिभावक, बुद्धिजीवी, राजनीतिकर्मी तथा विभिन्न पेसामा आबद्ध जनसमुदायको सद्भाव प्राप्त गर्न सक्षम भएको हुँदा यो क्याम्पस सामुदायिक क्षेत्रद्वारा सञ्चालित पूर्वाञ्चल क्षेत्रकै अग्रणी शैक्षिक प्रतिष्ठानका रूपमा स्थापित हुन पुगेको छ । यस क्याम्पसको ऐतिहासिक संस्थागत विकास यस प्रकार भएको पाइन्छ ।

विवरण :

१. क्याम्पसको स्थापना /स्वीकृति मिति : २०४८ साल माघ १४ गते
२. क्याम्पस सञ्चालन मिति :  २०४८ साल फागुन ११ गते
३. सञ्चालन भइरहेका तह र सङ्कायहरू:

तालिका नं. १ : सङ्कायगत विवरण

| क्र.सं. | कार्यक्रम | सङ्काय | सम्बन्धन प्राप्त वर्ष | सम्बन्धन दिने संस्था |
|---|---|---|---|---|
| १ | प्रवीणता प्रमाणपत्र तह | मानविकी | २०४८ | त्रि.वि. |
| २ | प्रवीणता प्रमाणपत्र तह | शिक्षाशास्त्र | २०४९ | त्रि.वि. |
| ३ | स्नातक तह (१ बर्से ) | शिक्षाशास्त्र | २०५२ | त्रि.वि. |
| ४ | स्नातक तह (३ बर्से ) | शिक्षाशास्त्र | २०५४ | त्रि.वि. |
| ५ | + २ (कक्षा ११ र १२) | वाणिज्य | २०५४ | उ.मा.शि.प. |
| ६ | स्नातक तह (३ बर्से ) | व्यवस्थापन | २०६० | त्रि.वि. |
| ७ | + २ (कक्षा ११ र १२) | विज्ञान | २०६१ | उ.मा.शि.प. |
| ८ | स्नातकोत्तर तह | शिक्षाशास्त्र | २०६१ | त्रि.वि. |
| ९ | स्नातक तह (३ वर्से ) | मानविकी | २०६५ | त्रि.वि. |
| १० | विशेष कक्षा-१२ | शिक्षाशास्त्र | २०६५ | उ.मा.शि.प. |

यस क्याम्सको सञ्चालक परिषद्को प्रथम बैठक मिति २०५८/१२/१३ गते क्याम्पसको नवनिर्मित भवनमा विश्व विद्यालय अनुदान आयोगका तत्कालीन सदस्य सचिव **प्रा.डा होमनाथ भट्टराईद्वारा** विधिवत्रूपमा उद्घाटन गरी सम्पन्न भयो । उक्त परिषद् बैठकले **श्री चन्द्रबहादुर गुरुङको** अध्यक्षतामा १६ सदस्यीय क्याम्पस सञ्चालक समितिको गठन गऱ्यो । त्यसपछि क्याम्पसले मिति २०६५ पुष १५ गते क्याम्पस सञ्चालक परिषद्को दोस्रो बैठक विश्व विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष **प्रा.डा. कमलकृष्ण जोशी**ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो । उक्त परिषद् बैठकले **श्री चन्द्रबहादुर गुरुङ**कै अध्यक्षतामा २१ सदस्यीय क्याम्पस सञ्चालक समितिको गठन गऱ्यो । त्यसैगरी मिति २०६६ पुष ४ गते क्याम्पसको तेस्रो सञ्चालक परिषद्को बैठक विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव **प्रा.डा.विनोदकुमार श्रेष्ठज्यू**को प्रमुख आतिथ्यमा सम्पन्न भई क्याम्पसको बजेट, नीति तथा कार्यक्रम तय गर्नका साथै क्याम्पसको नियमावलीसमेत संशोधन गरियो ।

## २.२.२. भौतिक पूर्वाधार (Physical Infrastructures)

यस क्याम्पसले निम्नानुसारको भौतिक पूर्वाधार तयार गरेको छ ।

तालिका नं. २ : भौतिक पूर्वाधार

| क्र.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | **क. शिक्षण भवन** | | |
| | १ .शिक्षण भवन (कक्षा कोठा) | ३२ | |
| | २. शिक्षण भवनअन्तर्गत रहेको विज्ञान प्रयोगशाला | ३ | |
| | ३. शिक्षण भवनअन्तर्गत रहेको स्टाफ शौचालय | १ | |
| | ४. शिक्षण भवनमा जोडिएको छात्र शौचालय | १ | |
| | ५. शिक्षण भवनमा जोडिएको छात्रा शौचालय | १ | |
| | ६. शिक्षण भवनमा जोडिएको तालिम कोठा | २ | |
| | ७. शिक्षण भवनमा जोडिएका अन्य कक्षा कोठा | ६ | |
| | | | |

| | | | |
|---|---|---|---|
| | **ख. प्रशासनिक तथा पुस्तकालय भवन (भुइँतला)** | | |
| | १. प्रशासनिक भवन कार्यालयीय कोठा | ६ | |
| | २. प्रशासनिक भवनअन्तर्गतको शौचालय | २ | |
| | ३. पुस्तकालय भवनअन्तर्गतको कोठा | ३ | |
| | ४. पुस्तकालय भवनअन्तर्गतको वाचनालय | १ | |
| | ५. पुस्तकालय भवनअन्तर्गतको शौचालय | १ | |
| | **ग. प्रशासनिक तथा पुस्तकालय भवन (दोस्रो तला)** | | |
| | १. प्रशासनिक भवनअन्तर्गतको कम्प्युटरल्याब | १ | |
| | २. प्रशासनिक भवनअन्तर्गतको सभाकक्ष | १ | |
| | ३. पाहुना कक्ष | १ | |
| | ४. बैठक कोठा | १ | |
| | ५. अन्य कोठा | ६ | |
| २ | स्व. वि. यु. भवन | १ | |
| ३ | सम्मान स्मारक | १ | |
| ४ | कम्पाउन्डवाल (निर्माणाधीन) | ८०० मिटर | |
| ५ | बास्केटबल फिल्ड | १ | |
| ६ | साइकल स्टेन्ड | १ | |
| ७ | मोटरसाइकल स्टेन्ड | १ | |
| ८ | प्रवेशद्वार (Campus Gate) | १ | |
| ९ | **जग्गा : ४-११-१३ विगाह** | | |
| | (क) दाताहरूबाट प्राप्त (नम्बरी) जग्गा | १-१०-११ विगाह | |
| | (ख) दाताहरूबाट प्राप्त (जोतभोगको) जग्गा | ०-१५-१३ विगाह | |
| | (ग) क्याम्पसबाट खरिद जग्गा | १-१४-० विगाह | |
| | (घ) क्याम्पसले चर्चिआएको जग्गा | ०-११-०९ विगाह | |
| १० | **पुस्तक विवरण :** | | |
| | (क) पाठ्यपुस्तक | १३००९ थान | |
| | (ख) सन्दर्भ पुस्तक | ४५५ थान | |
| | (ग) अन्य | ९७२ थान | |
| ११ | **कार्यालय उपकरण :** | | |
| | (क) कम्प्युटर | २० थान | |
| | (ख) प्रिन्टर | ४ थान | |
| | (ग) टेलिफोन सेट | १० थान | |
| | (घ) फ्याक्स | १ थान | |
| | (ङ) टाइपराइटर ( नेपाली, अङ्ग्रेजी) | २ थान | |
| | (च) O. H. P. | १ थान | |
| | (च) जेनेरेटर | १ थान | |
| | (छ) पानी तान्ने मोटर | ५ थान | |
| | (ज) UPS | ७ थान | |
| १२ | **विविध सम्पत्ति** | | |
| | (क) भित्ते घडी | ५ थान | |
| | (ख) क्यालकुलेटर | ४ थान | |
| | (ग) साइकल | २ थान | |

| | | | |
|---|---|---|---|
| | (घ) वाटरफिल्टर | १ थान | |
| | (ङ) टिनको बाकस | ४ थान | |
| | (च) ग्यास सिलिन्डर | २ थान | |
| १३ | **वैज्ञानिक तथा शैक्षिक उपकरण** | | |
| | (क) माइक्रोस्कप | ९ थान | |
| | (ख) टेलिस्कोप | १ थान | |
| | (ग) भौतिक विज्ञानसम्बन्धी | १९१ थान | |
| | (घ) रासायनिक विज्ञान सम्बन्धी | ५०६ थान | |
| | (ङ) जीवविज्ञान सम्बन्धी | ३२० थान | |
| १४ | **फर्निचर** | | |
| | (क) काठका दराज | १० | |
| | (ख) लाइब्रेरी कार्ड राख्ने दराज | ६ | |
| | (ग) सोफा आर्म चियर | ३ | |
| | (घ) पलङ | २ | |
| | (ङ) खाट | ३ | |
| | (च) बुक क्याविनेट | ४ | |
| | (छ) टेलिफोन बक्स | ४ | |
| | (ज) स्टील दराज | ३७ | |
| | (झ) White Board / Thumb pin Board | ७ | |
| | (ञ) काठका स्ट्यान्ड | ३० | |
| | (ट) सादा टेबुल | ४८ | |
| | (ठ) कम्प्युटर टेबुल | १६ | |
| | (ड) सादा बेन्च | ११ | |
| | (ढ) टुल | २५ | |
| | (ण) जोइन्ट डेक्स बेन्च | ५६४ | |
| | (त) टेबुलदराज | ९ | |
| | (थ) कुसन आर्म चियर | ५ | |
| | (द) रिवल्विङ चियर | ७ | |
| | (ध) सादा कुर्सी | १४० | |

## २.३ शैक्षिक कार्यक्रम तथा सहक्रियाकलाप व्यवस्थापन (Academic Programmes and Curricular Management)

यस क्याम्पसमा हालसम्म निम्नअनुसार शैक्षिक कार्यक्रमहरू र सहक्रियाकलापहरू सञ्चालन गरिएका छन् :

| क्र.सं. | कार्यक्रम | सङ्काय | सम्बन्धन प्राप्त वर्ष | सम्बन्धन दिने संस्था |
|---|---|---|---|---|
| १ | प्रवीणता प्रमाणपत्र तह | मानविकी | २०४८ | त्रि.वि. |
| २ | प्रवीणता प्रमाणपत्र तह | शिक्षाशास्त्र | २०४९ | त्रि.वि. |
| ३ | स्नातक तह (१ बर्से ) | शिक्षाशास्त्र | २०५२ | त्रि.वि. |
| ४ | स्नातक तह (३ बर्से ) | शिक्षाशास्त्र | २०५४ | त्रि.वि. |
| ५ | + २ (कक्षा ११ र १२) | वाणिज्य | २०५४ | उ.मा.शि.प. |
| ६ | स्नातक तह (३ बर्से ) | व्यवस्थापन | २०६० | त्रि.वि. |
| ७ | + २ (कक्षा ११ र १२) | विज्ञान | २०६१ | उ.मा.शि.प. |
| ८ | स्नातकोत्तर तह | शिक्षाशास्त्र | २०६१ | त्रि.वि. |
| ९ | स्नातक तह (३ वर्से ) | मानविकी | २०६५ | त्रि.वि. |
| १० | विशेष कक्षा-१२ | शिक्षाशास्त्र | २०६५ | उ.मा.शि.प. |

### २.३.१ कार्यक्रम तथा विद्यार्थी भर्ना विवरण (Programmes and Student Enrollement and Composition): 2066

तालिका नं. ३ : कार्यक्रम र विद्यार्थी विवरण

| क.स. | कार्यक्रम (Programme) | विद्यार्थी भर्ना (Students Enrollment) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | तह | जम्मा | छात्र | छात्रा | |
| १ | +२ व्यवस्थापन | कक्षा ११ | ३७२ | २१८ | १५४ | |
| | | कक्षा १२ | २९८ | १८६ | ११२ | |
| २ | +२ शिक्षा | कक्षा ११ | १८३ | ५६ | १५७ | |
| ३ | विशेष शिक्षा | कक्षा १२ | ५३ | १६ | ३७ | |
| ४ | +२ मानविकी | कक्षा ११ | ३२ | २१ | ११ | |
| ५ | +२ विज्ञान | कक्षा ११ | ८३ | ६५ | १८ | |
| | | कक्षा १२ | ७१ | ५१ | २० | |
| ६ | प्रमाणपत्र मानविकी | प्रथम वर्ष | — | — | — | |
| | | दोस्रो वर्ष | ४२ | २२ | २० | |
| ७ | प्रमाणपत्र शिक्षाशास्त्र | प्रथम वर्ष | १५० | ६५ | ८५ | |
| | | दोस्रो वर्ष | ३३४ | १२५ | २०९ | |
| ८ | स्नातक शिक्षाशास्त्र ३ वर्षे | प्रथम वर्ष | २४६ | ११९ | १२७ | |
| | | दोस्रो वर्ष | २८६ | १५२ | १३४ | |
| | | तेस्रो वर्ष | २९९ | १५४ | १४५ | |
| ९ | स्नातक शिक्षाशास्त्र १ वर्षे | १ वर्षे | ८० | ६६ | १४ | |
| १० | स्नातक व्यवस्थापन | प्रथम वर्ष | १४९ | ७८ | ७१ | |
| | | दोस्रो वर्ष | १२१ | ७९ | ४२ | |
| | | तेस्रो वर्ष | १२७ | ७७ | ५० | |
| ११ | स्नातक मानविकी | प्रथम वर्ष | ३० | २० | १० | |
| | | दोस्रो वर्ष | २९ | १९ | १० | |
| १२ | स्नातकोत्तर शिक्षाशास्त्र | प्रथम वर्ष | ३५० | १९५ | ११५ | |
| | | दोस्रो वर्ष | ३३० | २४१ | ८९ | |
| | | जम्मा | ३६२५ | २०२५ | १६०० | |

### २.३.२. सह क्रियाकलाप व्यवस्थापन र सहयोग (Curricular Management and Support)

क्याम्पसले आफ्नै स्रोतमा प्रतियोगितात्मक सांस्कृतिक, साहित्यिक गोष्ठी, खेलकुद, हाजिरी जवाफ, आदिको व्यवस्था गर्दै आएको छ । यस्तै कार्यक्रमहरू क्याम्पसको वार्षिक कार्यक्रमअन्तर्गत राखी सञ्चालन गर्ने गरिएको छ । यसका लागि खेलकुद र अतिरिक्त क्रियाकलाप समितिको गठन गरी बेला बेलामा विज्ञान प्रदर्शनी गर्ने गरिएको छ । सामुदायिक क्रियाकलापहरूमा क्याम्पसका तर्फबाट विद्यार्थीहरूलाई समेत विभिन्न क्रियाकलापहरूमा समावेश गर्ने गरिएको छ । सहक्रियाकलापहरूलाई विभिन्न उपसमितिहरू मार्फत व्यवस्थित गर्ने गरिएको छ ।

### २.३.३ शिक्षण–सिकाइ व्यवस्थापन र अभ्यास (Teaching Learning Management and Practices)

कक्षा शिक्षण, विषयगत शिक्षण, प्रयोगात्मक कक्षा सञ्चालन आदिलाई दैनिक कार्यतालिकाभित्र समावेश गरी सञ्चालन गर्ने गरिएको छ । शिक्षण–सिकाइ कार्यलाई व्यवस्थित गर्न विभागहरू र विषय शिक्षण समितिको गठन गरी कार्य सम्पादनको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्ने गरिएको छ । क्याम्पसमा सञ्चालित बिहानी, दिवा र बेलुकी सत्रका शिक्षण–सिकाइ कार्यक्रमहरूलाई व्यवस्थित गर्न सहायक क्याम्पसप्रमुखहरू र स्नातकोत्तर कार्यक्रम संयोजक (Programme Co-ordinator) को व्यवस्था गरी व्यवस्थापकीय पहुँचलाई बढाउने प्रयत्न गरिएको छ ।

### २.३.४ शिक्षण–सिकाइ स्रोतहरू र सहयोग (Teaching Learning Resources and Support)

शिक्षण–सिकाइलाई प्रभावकारी बनाउन विभिन्न विषयगत पाठ्यपुस्तकहरू, अनुसन्धानात्मक कृति, जर्नलहरू र सन्दर्भसामग्रीहरू खरिद तथा सङ्कलन गरी पुस्तकालय र वाचनालयलाई व्यवस्थित गर्ने प्रयत्न गरिएको छ । पुस्तकालयलाई थप आधुनिक बनाउन E-Library को अवधारणा विकास भएको छ । बेलाबेलामा त्रि.वि.बाट आमन्त्रित विशेषज्ञ प्राध्यापकहरूबाट समेत पथप्रदर्शन हुने गरेको छ । भावी दिनमा क्याम्पसले उच्च शिक्षाको अध्ययन, अनुसन्धान र शोधकार्यमा आफूलाई पूर्वाञ्चल क्षेत्रकै अग्रणी क्याम्पसको रूपमा स्थापित गर्न एउटा अनुसन्धान सेल (Research Cell) को स्थापना गर्ने उद्देश्य लिएको छ ।

### २.३.५. परीक्षा प्रणाली र परीक्षाफल (Examination System and Result)

यस क्याम्पसले त्रि.वि. तथा उ.मा.शि.प.द्वारा सञ्चालन गर्ने वार्षिक परीक्षाहरू मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्दै आएको छ। क्याम्पसले +२ तर्फको विज्ञान, कम्प्युटर शिक्षा, व्यवस्थापन विषयको अङ्ग्रेजी माध्यमका कक्षाहरूमा र स्नातक तथा स्नातकोत्तर तहमा प्रवेश परीक्षा लिने व्यवस्था गरेको छ । यसका साथै सबै कक्षाहरूमा न्यूनतम २ पटक आन्तारिक परीक्षा / ल्याकत परीक्षा गरी समयमा नै नतिजा प्रकाशन गर्ने र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने व्यवस्था गरेको छ । यी परीक्षाहरू व्यवस्थितरूपले सञ्चालन गर्न सहायक क्याम्पसप्रमुखको नेतृत्वमा विभागीय प्रमुखसमेत रहने गरी विहानीसत्र, दिवासत्र र सन्ध्याकालीन सत्रका लागि छुट्टाछुट्टै आन्तरिक परीक्षा समितिको व्यवस्था गरिएको छ ।

त्रि.वि. तथा उ.मा.शि.प. द्वारा सञ्चालित तहगत / कक्षागत नियमित विद्यार्थीहरूको नतिजा २०६५

तालिका नं. ४ : विद्यार्थी नतिजा

| क्र.स. | कार्यक्रम | तह/ कक्षा | जम्मा विद्यार्थी संख्या | उत्तीर्ण संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | +२ व्यवस्थापन | कक्षा ११ | ३०६ | १३२ | |
| | | कक्षा १२ | १५० | ६९ | |
| २ | +२ विज्ञान | कक्षा ११ | ८२ | ३७ | |
| | | कक्षा १२ | ४९ | ३१ | |
| ३ | प्रमाणपत्र मानविकी | प्रथम वर्ष | ६० | २० | |
| | | दोस्रो वर्ष | ४६ | १९ | |
| ४ | प्रमाणपत्र शिक्षाशास्त्र | प्रथम वर्ष | ४२९ | १४३ | |
| | | दोस्रो वर्ष | ३३५ | १०२ | |
| ५ | स्नातक शिक्षाशास्त्र ३ वर्षे | प्रथम वर्ष | २८२ | १५६ | |
| | | दोस्रो वर्ष | २८८ | ११६ | |
| | | तेस्रो वर्ष | २४८ | १५७ | |
| ६ | स्नातक शिक्षाशास्त्र १ वर्षे | १ वर्षे | - | - | नतिजा प्रकाशन नभएको । |
| ७ | स्नातक व्यवस्थापन | प्रथम वर्ष | १०९ | ३९ | |
| | | दोस्रो वर्ष | १२३ | ४७ | |
| | | तेस्रो वर्ष | ६० | ४६ | |
| ८ | स्नातकोत्तर शिक्षाशास्त्र | प्रथम वर्ष | - | - | नतिजा प्रकाशन नभएको । |
| | | दोस्रो वर्ष | ३३८ | १०० | |

## २.४. मानवीय स्रोत व्यवस्थापन (Human Resource Management) :

क्याम्पसको शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न, क्याम्पसमा प्रमुखको नेतृत्वमा निम्न शैक्षिक तथा प्रशासनिक व्यवस्था कायम गरिएको छ ।

## २.४.१. प्रशासनिक कर्मचारी र स्टाफ विवरण (Administrative Personals and Staff)




## २.४.२. सङ्कायगत कार्यक्रम व्यवस्थापन (Faculty-wise Programme Management)

तालिका नं. ५ : कार्यक्रमहरू

| क्र.स. | सङ्काय | तह | समय तालिका | कैफियत |
|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | प्रमाण पत्र | बिहानी सत्र | |
| २ | शिक्षाशास्त्र | स्नातक ३ वर्षे | बिहानी सत्र | |
| ३ | शिक्षाशास्त्र | स्नातक १ वर्षे | बिहानी सत्र | |
| ४ | मानविकी | स्नातक ३ वर्षे | बिहानी सत्र | |
| ५ | व्यवस्थापन | स्नातक ३ वर्षे | बिहानी सत्र | |
| ६ | विशेष १२ | +२ | बिहानी सत्र | |
| ७ | विज्ञान | +२ | बिहानी सत्र | |
| ८ | शिक्षाशास्त्र | +२ | दिवा सत्र | |
| ९ | मानविकी | +२ | दिवा सत्र | |
| १० | व्यवस्थापन | +२ | दिवा सत्र | |
| ११ | मानविकी | प्रमाण पत्र | दिवा सत्र | |
| १२ | शिक्षाशास्त्र | स्नातकोत्तर | सन्ध्या सत्र | |

## २.५. संस्थागत व्यवस्थापन (Institutional Management) :

### २.५.१. संस्थागत संरचना (Institutional Structure)




### २.५.२. सञ्चालक समिति (Management Committee) :

तालिका नं. ६ : सञ्चालक समिति

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री चन्द्रवहादुर गुरुङ | अध्यक्ष |
| २ | श्री उद्धवप्रसाद रिजाल | उपाध्यक्ष |
| ३ | श्री बमबहादुर थापा | सदस्य |
| ४ | श्री देवेन्द्रकुमार मास्के | सदस्य |
| ५ | श्री तुलसीप्रसाद ढकाल | सदस्य |
| ६ | श्री पीताम्बर ढकाल | सदस्य |
| ७ | श्री कृष्णप्रसाद दाहाल | सदस्य |
| ८ | श्री हरिप्रसाद घिमिरे | सदस्य |
| ९ | श्री हरि दँगाल | सदस्य |
| १० | श्री मानबहादुर बस्नेत | सदस्य |
| ११ | श्री उदयनारायण काफ्ले | सदस्य |
| १२ | श्री रामबहादुर इवाराम | सदस्य |
| १३ | श्री गोपालबहादुर थापा | सदस्य |
| १४ | श्री केदारप्रसाद गुरागाईं | सदस्य |
| १५ | श्री एकराज भट्टराई | सदस्य |
| १६ | श्री सूर्यप्रसाद लम्साल | सदस्य |
| १७ | श्री पीतकुमार श्रेष्ठ (क्याम्पसप्रमुख) | सदस्य-सचिव |

क. लेखा समिति :

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री टीकाराम गौतम | संयोजक |
| २ | श्री भोलानाथ बजगाईं | सदस्य |
| ३ | श्री पूर्णप्रसाद ढकाल | सदस्य |

ख. पुनरावेदन समिति :

| क्र.सं. | नामथर | पद |
|---|---|---|
| १ | श्री परशुराम सुवेदी | संयोजक |
| २ | श्री विश्वेश्र ढकाल | सदस्य |
| ३ | श्री रामप्रसाद कोइराला | सदस्य |
| ४ | श्री उचितनारायण खवास | सदस्य |
| ५ | श्री नारायणप्रसाद चुडाल | सदस्य |

## २.५.३. प्रशासन (Administration)

यस क्याम्पसको नियमावलीअनुसार क्याम्पस प्रमुखको नियुक्ति र क्याम्पस प्रमुखको सिफारिसमा सहायक क्याम्पस प्रमुखहरू तथा कार्यक्रम संयोजकको नियुक्ति क्याम्पस सञ्चालक समितिले गर्दछ। सञ्चालक समितिले प्राध्यापक र कर्मचारी सेवा आयोगको गठन गरी खुल्ला प्रतिस्पर्धाद्वारा प्राध्यापक तथा कर्मचारीहरूको नियुक्ति गर्ने गरिएको छ।। प्राध्यापक तथा कर्मचारीहरूको सेवा–सर्तहरू नियमावलीमा तोकिए अनुसार व्यवस्था गरिएको छ। प्रशासनिक पहुँचलाई बढाउन सङ्काय, विभाग र शिक्षण समितिहरूको गठन गरिएको छ। अभ्यास शिक्षण र शोध कार्यलाई व्यवस्थित गर्न अभ्यास शिक्षण समिति र शोध समितिको गठन गरिएको छ। यसरी रेखा तथा कर्मचारी (Line and Staff) सङ्गठनको संयोजनवाट सुकुना बहुमुखी क्याम्पसको प्रशासनलाई चुस्त, दुरुस्त बनाउने प्रयत्न गरिएको छ।

## २.५.४. प्राज्ञिक व्यवस्थापन (Academic Managemnet)

तालिका नं. ७ : प्राध्यापक विवरण

| क.स. | विवरण | जम्मा | स्थायी | | अस्थायी | | जनजाति | दलित |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पुरुष | महिला | | |
| १ | प्राध्यापक दरबन्दी (पूर्णकालीन) | ४६ | २८ | १ | १६ | १ | १५ | - |
| २ | प्राध्यापक दरबन्दी (अंशकालीन) | ४३ | - | - | ४२ | १ | १ | १ |
| | कुल जम्मा | ८९ | २८ | १ | ५८ | २ | १६ | १ |

### २.५.५. सङ्काय, शिक्षक र विद्यार्थी सङ्ख्या (Faculties, Staffs and Students)

तालिका नं. ८ : सङ्कायगत शिक्षक-विद्यार्थी विवरण

| क.स. | सङ्काय | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | शिक्षाशास्त्र | ४८ | २२७१ |
| २ | व्यवस्थापन | १६ | १०६७ |
| ३ | विज्ञान | १२ | १५४ |
| ४ | मानविकी | १३ | १३३ |
| जम्मा | | ८९ | ३६२५ |

## २.६. आर्थिक तथा वित्तीय व्यवस्थापन **(Economic and Financial Management)**

### २.६.१. स्थिर सम्पति (Fixed Assets) :

क. जग्गा
ख. भवन
ग. फर्निचर
घ. कार्यालय उपकरण
ङ. सवारी साधन
च. पुस्तक
छ. विद्युत् तथा पानी व्यवस्था
ज. विविध सम्पति
झ. बैङ्क मुद्दती

### २.६.२. सञ्चालन खर्च र प्रवृत्ति (Operational Expenditure and Trend)

यस क्याम्पसले सञ्चालन गरेका आर्थिक कारोवारहरूको विवरण अनुसूची ३ मा देखाइएको छ । यसको प्रवृत्तिलाई निम्न तालिका, स्तम्भचित्र र रेखाचित्रमा देखाइएको छ ।

तालिका नं. ९ : सञ्चालन खर्च विवरण

| क्र.सं. | खर्च शीर्षक | ०६३/०६४ | ०६४/०६५ | ०६५/०६६ |
|---|---|---|---|---|
| १ | शिक्षण तलब | ७९,०१,६४१।- | १,०४,६०,१०६।- | १,२९,४८,०७१।- |
| २ | सञ्चालन खर्च (प्रशासनिक) | २३,३२,९६०।- | ४३,५४,२८९।६८ | ६४,१२,१०८।७४ |
| ३ | ह्रास-कट्टी | ९,३२,८८७।५४ | १०,२५,०७८।७१ | १०,५८,५५०।९६ |
| जम्मा | | १,१३,२८,४८८।५४ | १,५८,३९,४७४।३९ | २,०४,१८,७३०।७० |

तह तथा विषयहरूको थपको परिणाम स्वरुप शिक्षक एवं कर्मचारी, फर्निचर र व्यवस्थापन खर्च समेत वृद्धि हुनु स्वभाविक हुन्छ । अतः खर्चको विवरण २०६३।६४ भन्दा २०६४।०६५ मा र ०६४।०६५मा भन्दा २०६५।२०६६मा बढी भएको छ ।







आर्थिक कारोबारको विस्तृत विवरण अनुसूची : ६ मा प्रस्तुत गरिएको छ ।

## २.६.३ आम्दानीका स्रोतहरू (Sources of Income)

क) नियमित स्रोतहरू– विद्यार्थी शुल्क, स्थानीय निकाय जि.वि.स., गा.वि.स., विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान, प्रकाशन बिक्री, भाडा, प्रमाणपत्र सिफारिस, बैङ्कब्याज, चन्दा सहयोग, उपहार, दानदातव्य आदि ।

ख) अनुदान – यस क्याम्पसले विगत वर्षहरूदेखि नै विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान प्राप्त गर्दै आएको छ । यसका अतिरिक्त अनुदान आयोगद्वारा दोस्रो उच्च शिक्षा परियोजना (SHEP) बाटसमेत अनुदान प्रदान गर्ने सम्झौता भएको छ ।

### २.६.४ प्रतिविद्यार्थी लागत (Cost Per Student)

यस क्याम्पसको आर्थिक वर्ष २०६५/०६६ को प्रति विद्यार्थी लागत निम्न अनुसार रहेको देखिन्छ :

$$\text{Cost Per Student} = \frac{\text{Total Expenditure}}{\text{Total No. of Students}} = \frac{2,04,18,731}{3625} = \text{Rs.}5,632/75.$$

### २.६.५ वित्तीय प्रणाली (Financial System)

जिन्सी सामग्री व्यवस्थापन परम्परागत ढङ्गबाट अभिलेख गरिएको छ । जिन्सी सामग्रीको भण्डारण, रेखदेख र सञ्चालन निर्धारित कक्षमा गर्ने गरिएको छ । क्याम्पसको सम्पूर्ण आर्थिक कारोबारलाई दोहोरो स्रेस्ता प्रणालीका आधारमा राखिएको छ । संस्थाको लेखा तयार गर्दा Accrual Basis विधि अपनाइएको छ । नेपालमा अपनाइने लेखासम्बन्धी नीति, प्रक्रिया र पद्धति अनुसारको आर्थिक नीति तयार गरी सोअनुसारको विवरण तयार पारिएको छ ।

- क) छुट्टाछुट्टै कोष सञ्चालन गर्दा सोसम्बन्धी विनियमको तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको छ ।
- ख) प्रत्येक वर्षको लेखापरीक्षण आ.व.को समाप्तिपछि मान्यता प्राप्त रजिस्टर्ड अडिटरबाट गर्ने गरिएको छ । सोको कार्यान्वयन र समीक्षा सञ्चालक समितिबाट गर्ने गरिएको छ ।
- ग) मौज्दात सम्पत्तिको मूल्याङ्कन प्रत्येक वर्षको अन्तमा खरिद मूल्यलाई आधार मानी सम्पत्तिको वर्गीकरणअनुसार ऐनले तोकिएबमोजिम ह्रासकट्टी गरी अद्यावधिक गर्ने गरिएको छ ।
- घ) परिषद्को बैठकद्वारा निर्वाचित लेखा समितिले आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण गर्ने गरिएको छ ।

### २.६.६ वित्तीय निर्भरताका लागि अपनाइका उपायहरू (Financial Sustainability Measures Adopted) :

यस क्याम्पसले वित्तीय पारदर्शिताका लागि विधानतः लेखा समितिको व्यवस्था गरेको छ । त्यसैगरी क्याम्पस सञ्चालक समिति, लेखा समिति, प्राध्यापक तथा कर्मचारी र विद्यार्थी प्रतिनिधिको भेलाले वर्षमा एकपटक गोष्ठी गरी वित्तीय स्रोतको पहिचान र त्यसको स्थायित्व खोजी गर्ने प्रचलन रहेको छ । यसका लागि निम्न विधिहरू अवलम्बन गरिन्छ :

- क) विद्यार्थी सङ्ख्याको वृद्धिदर पहिचान र मूल्याङ्कन गर्ने ।
- ख) संस्थाको तरलता मूल्याङ्कन गर्ने ।
- ग) स्थानीय स्रोत र साधनको पहिचान र खोजी गर्ने ।
- घ) मितव्ययिता अपनाउन आर्थिक नीति एवं विधिहरू प्रयोग गर्ने ।
- ङ) सम्पत्ति प्रयोगको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- च) बैङ्किङ् कारोबारलाई प्रोत्साहन गरी नगद कारोबारलाई निरुत्साहित गर्ने ।
- छ) विभिन्न कोषहरूको वृद्धि गर्ने नीति अवलोकन गरिएको छ ।

२.७ अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Documentation and Publication) : हालसम्म यस क्षेत्रमा प्रवेश गरिएको छैन । प्राध्यपकहरूलाई सामुहिक अनुसन्धान, लेखन र प्रकाशनमा उत्साहित गरी वैयक्तिक क्ष्मता विस्तारमा जोड दिने ।

२.७.१. अनुसन्धान र विकास (Research and Development):

यस क्याम्पसले समसामयिक शैक्षिक विषयमा विभिन्न सेमिनार, गोष्ठी, अन्तर्क्रिया, छलफल आदि गर्दै आएको छ । त्यसैगरी समय समयमा विज्ञान विभागको आयोजनामा विज्ञान-प्रदर्शनी पनि गर्दै आएको छ । वर्षको एक पटक स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धान अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । स्नातक र स्नातकोत्तर तहमा प्राक्टिकम, प्रोजेक्ट वर्क, शोध कार्य र प्राक्टिकल कार्यहरू सञ्चालन गर्ने गरिएको छ । भविष्यमा क्याम्पसमा एउटा अनुसन्धान सेल (Research Cell) को स्थापना गर्ने उद्देश्य लिइएको छ ।

२.७.२. अभिलेखीकरण र प्रकाशन (Documentation and Publication) :

क्याम्पसमा सञ्चालित क्रियाकलापहरूलाई पराम्परागत विधिका आधारमा अभिलेखीकरण गरिएको र आंशिक रूपले कम्प्युटरमा अभिलेखीकरण गरिएको छ । यसका साथै वार्षिक रूपले प्रोस्पेक्टस, क्यालेन्डर र वार्षिक कार्य योजना प्रकाशन गरिने कार्य हुँदै आएको छ ।

२.८ अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities) :

यस क्याम्पसले वर्षेनी अतिरिक्त कार्यक्रहरू गर्दै आइरहेको छ । यसका लागि क्याम्पसले प्राध्यापक, स्वतन्त्र विद्यार्थी युनियन र विद्यार्थी सङ्घ सङगठनका प्रतिनिधिहरूको प्रतिनिधित्वमा अतिरिक्त क्रियाकलाप कार्यक्रम गराउने र पुरस्कार, पदक, प्रशंसापत्र, कदरपत्रसमेत प्रदान गर्ने प्रचलन रहेको छ । उक्त कार्यक्रमहरू निम्नअनुसार सञ्चालन गर्ने/ गराउने कार्य हुदै आएको छ ।

२.८.१. Indoor Activities : कवितागोष्ठी, वतृत्वकला प्रतियोगिता, निबन्ध/ प्रबन्ध लेखन, हिज्जे कार्यक्रम, चेस, लुडो, टेबलटेनिस आदि ।

२.८.२. Out door Activities : फुटबल, भलिबल, , बास्केट बल, क्रिकेट, एथलेटिक्स, स्किपिङ आदि ।

# खण्ड – तीन (Section -Three)
## विकास प्रवृत्ति (Development Trend)

### ३.१. भौतिक संरचनाको पूर्वाधार (Physical Infrastructure)

तालिका नं. १० : भौतिक पूर्वाधार विकास प्रवृत्ति

| साल (वि.स.) | विवरण |
|---|---|
| २०४८ | सुकुना मा.वि.को भवन तथा फर्निचरमा सञ्चालन |
| २०४९ | सुकुना मा.वि.को भवन तथा फर्निचरमा सञ्चालन |
| २०५० | सुकुना मा.वि.को भवन तथा फर्निचरमा सञ्चालन |
| २०५१ | सुकुना मा.वि.को भवन तथा फर्निचरमा सञ्चालन |
| २०५२ | २ विघा ७ कठ्ठा ४ धुर जग्गा दान-दातव्यबाट प्राप्त |
| २०५३ | दुई तले शिक्षण भवन निर्माण प्ररम्भ |
| २०५४ | शिक्षण भवन निर्माण सम्पन्न र प्रशासनिक भवनका लागि जग्गा खरिद |
| २०५५ | कम्पाउन्ड वाल निर्माण र प्रशासनिक तथा पुस्तकालय भवन निर्माण प्रारम्भ |
| २०५६ | आफ्नै भवनमा क्याम्पस सञ्चालन, टहरा र छात्र-छात्रा शौचालय निर्माण |
| २०५७ | प्रशासनिक तथा पुस्तकालय भवनको दोस्रो तला निर्माण |
| २०५८ | प्रशासनिक तथा पुस्तकालय भवनको Finishing तथा रङ्ग रोगन |
| २०५९ | अगाडि तर्फको गेट तथा कम्पाउन्डवाल निर्माण |
| २०६० | स्व.वि.यु. भवन निर्माण प्रारम्भ |
| २०६१ | बास्केटबल ग्राउन्ड तथा टेवलटेनिस बोर्डको निर्माण |
| २०६२ | कम्पाउन्ड वाल निर्माण |
| २०६३ | १८ कठ्ठा जमिन खरिद, जोतभोगको ११ कठ्ठा ९ धुर जग्गा स्वमित्व हस्तान्तरण, ग्राउण्ड निर्माण |
| २०६४ | २ कठ्ठा जमिन खरिद, मोटरसाइकल तथा साइकल स्ट्याड निर्माण |
| २०६५ | १४ कठ्ठा जमिन खरिद, सम्मान स्मारक निर्माण |
| २०६६ | सम्मान स्मारक वरिपरि घेरावारा |

### ३.२. कार्यक्रम/ प्राज्ञिक विकासको प्रवृत्ति ( Program/Academic Development Trend )

तालिका नं. ११ : प्राज्ञिक विकास प्रवृत्ति

| साल (वि.सं.) | कार्यक्रम/ तह | | सम्बन्धन |
|---|---|---|---|
| २०४८ | मानविकी सङ्काय | प्रमाण पत्र | त्रि.वि. |
| २०४९ | शिक्षाशास्त्र सङ्काय | प्रमाण पत्र | त्रि.वि. |
| २०५२ | शिक्षाशास्त्र सङ्काय | १ वर्षे बी. एड. | त्रि.वि. |
| २०५४ | शिक्षाशास्त्र सङ्काय | ३ वर्षे स्नातक | त्रि.वि. |
| २०५४ | वाणिज्य | कक्षा ११ र १२ | उ.मा.शि.प. |
| २०६० | वाणिज्य | ३ वर्षे स्नातक | त्रि.वि. |
| २०६१ | विज्ञान | कक्षा ११ र १२ | उ.मा.शि.प. |
| २०६१ | शिक्षाशास्त्र सङ्काय | स्नातकोत्तर | त्रि.वि. |
| २०६५ | मानविकी सङ्काय | स्नातक ३ वर्षे | त्रि.वि. |
| २०६५ | शिक्षाशास्त्र | विशेष १२ | उ.मा.शि.प |
| २०६६ | मानविकी | कक्षा ११ र १२ | उ.मा.शि.प. |
| २०६६ | शिक्षाशास्त्र सङ्काय | कक्षा ११ र १२ | उ.मा.शि.प. |

## ३.३. विद्यार्थी भर्ना प्रवृत्ति (Student Enrollment Trend)

तालिका नं. १२ : विद्यार्थी भर्ना विवरण

| क्र.सं. | तह/समूह/वर्ष | २०६४ | | | २०६५ | | | २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | प्रमाणपत्र शिक्षा प्रथम | १७१ | ३०७ | ४७८ | १६९ | २३५ | ४०४ | ६५ | ८५ | १५० |
| २ | प्रमाणपत्र शिक्षा दोस्रो | २३५ | १७५ | ४१० | १५६ | २९५ | ४५१ | १२५ | २०९ | ३३४ |
| ३ | प्रमाणपत्र मानविकी प्रथम | ५२ | ३० | ८२ | १२२ | ६२ | १८४ | – | – | – |
| ४ | प्रमाणपत्र मानविकी दोस्रो | ५० | २५ | ७५ | ३८ | २८ | ६६ | २२ | २० | ४२ |
| ५ | +२ कक्षा ११ वाणिज्य | १३१ | २३२ | ३६३ | १२५ | २२२ | ३४७ | २१८ | १५४ | ३७२ |
| ६ | +२ कक्षा १२ वाणिज्य | ६० | ९१ | १५१ | १०० | १५० | २५० | १८६ | ११२ | २९८ |
| ७ | +२ कक्षा ११ विज्ञान | ५८ | २५ | ८३ | ५६ | २३ | ७९ | ६५ | १८ | ८३ |
| ८ | +२ कक्षा १२ विज्ञान | ३५ | १५ | ५० | ५२ | २३ | ७५ | ५१ | २० | ७१ |
| ९ | विशेष शिक्षा कक्षा १२ | – | – | – | ५५ | ६५ | १२० | १६ | ३७ | ५३ |
| १० | +२ कक्षा ११ शिक्षा | – | – | – | – | – | – | ५६ | १२७ | १८३ |
| ११ | +२ कक्षा ११ मानविकी | – | – | – | – | – | – | २१ | ११ | ३२ |
| १२ | स्नातक शिक्षा प्रथम | १६४ | १४६ | ३१० | ११९ | १२७ | २४६ | ११९ | १२७ | २४६ |
| १३ | स्नातक शिक्षा द्वितीय | १६० | १२८ | २८८ | १५२ | १३४ | २८६ | १५२ | १३४ | २८६ |
| १४ | स्नातक शिक्षा तृतीय | ८७ | ४३ | १३० | १५४ | १४५ | २९९ | १५४ | १४५ | २९९ |
| १५ | स्नातक शिक्षा १ वर्षे | ४५ | ३० | ७५ | ६६ | १४ | ८० | ५६ | २४ | ८० |
| १६ | स्नातक व्यवस्थापन प्रथम | ८४ | ४८ | १३२ | ५६ | ५३ | १०९ | ७८ | ७१ | १४९ |
| १७ | स्नातक व्यवस्थापन द्वितीय | ९८ | ५० | १४८ | ७९ | ४२ | १२१ | ७९ | ४२ | १२१ |
| १८ | स्नातक व्यवस्थापन तृतीय | ४४ | ३१ | ७५ | ७७ | ५० | १२७ | ७७ | ५० | १२७ |
| १९ | स्नातक मानविकी प्रथम | – | – | – | १९ | १० | २९ | २० | १० | ३० |
| २० | स्नातक मानविकी द्वितीय | – | – | – | – | – | – | १९ | १० | २९ |
| २१ | स्नातकोत्तर शिक्षा प्रथम | ३३० | ६९ | ३९९ | २४१ | ८९ | ३३० | १९५ | ११५ | ३१० |
| २२ | स्नातकोत्तर शिक्षा द्वितीय | ४८० | ५० | ५३० | ३३० | ५८ | ३८८ | २४१ | ८९ | ३३० |
| | जम्मा | २१८४ | १४९५ | ३६७९ | २१६६ | १८२५ | ३९९१ | २०१५ | १६१० | ३६२५ |

## ३.४. मानव संसाधन विकास (Human Resource Development)

### क) शिक्षक

तालिका नं. १३ : सङ्कायगत शिक्षक विवरण

| क्र.स. | सङ्काय | २०६४ सम्म | २०६५ मा थप | २०६६ मा थप | जम्मा |
|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | ४१ | ५ | २ | ४८ |
| २ | व्यवस्थापन | १४ | २ | - | १६ |
| ३ | विज्ञान | १० | १ | १ | १२ |
| ४ | मानविकी | ११ | १ | १ | १३ |
| जम्मा | | ७६ | ९ | ४ | ८९ |

यसको विस्तृत विवरण अनुसूची २ र ४ मा प्रस्तुत गरिएको छ।

### ख) कर्मचारी

तालिका नं. १४ : कर्मचारी विवरण

| क्र.स. | कार्य विवरण | २०६४ सम्म | २०६५ मा थप | २०६६ मा थप | जम्मा |
|---|---|---|---|---|---|
| १ | लेखा/ प्रशासन | ३ | २ | - | ५ |
| २ | परीक्षा | १ | १ | - | २ |
| ३ | पुस्तकालय | २ | - | - | २ |
| ४ | स्टोर/ कम्प्युटर | १ | - | - | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विज्ञान प्रयोगशाला | १ | - | - | १ |
| ६ | परिचर | ३ | १ | - | ४ |
| ७ | सुरक्षा गार्ड | ३ | १ | - | ४ |
| ८ | स्वीपर/ मेहतर | ४ | - | - | ४ |
| जम्मा | | १८ | ५ | - | २३ |

यसको विस्तृत विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## ३.५. शिक्षक विद्यार्थी अनुपात (Teacher Student Ratio)

तालिका नं. १५ : शिक्षक विद्यार्थी अनुपात

| शैक्षिक वर्ष | विद्यार्थीसङ्ख्या | शिक्षकसङ्ख्या | अनुपात |
|---|---|---|---|
| २०६४/०६५ | ३८३० | ७६ | १:५० |
| २०६५/०६६ | ३९९३ | ८५ | १:४७ |
| २०६६/०६७ | ३६२५ | ८९ | १:४१ |

## ३.६. संस्थागत विकास (Institutinoal Development)

तालिका नं. १६ : संस्थागत विकास

| क.स. | विवरण | साल | साल | साल | साल |
|---|---|---|---|---|---|
| १ | क्याम्पस तदर्थ समितिको गठन | २०४८/०८/१७ | | | |
| २ | क्याम्पस सञ्चालक समितिको गठन | - | २०५० पहिलो | २०५८ दोस्रो | २०६५ तेस्रो |
| ३ | क्याम्पसप्रमुखको नियुक्ति | २०४८/०९/१७ प्रथम | २०६६/०७/०५ दोस्रो | | |
| ४ | सहायक क्याम्पसप्रमुखको नियुक्ति | २०५६/०८/०१ १ जना | २०६६/१०/२५ २ जना स.क्या.प्र. र १ जना कार्यक्रम संयोजक | | |
| ५ | विषयगत शिक्षण समिति गठन | २०५२ मा<br>क) शिक्षा शिक्षण<br>ख) अङ्ग्रेजी शिक्षण<br>ग) नेपाली शिक्षण<br>घ) गणित शिक्षण<br>ङ) सामाजिक शिक्षण<br>च) अभ्यास शिक्षण | २०५४मा व्यवस्थापन शिक्षण | २०६१ मा विज्ञान शिक्षण | २०६६ मा स्वास्थ्य शिक्षण |
| ६ | क्याम्स सञ्चालक परिषद्को बैठक | २०५८ प्रथम | २०६५ दोस्रो | २०६६ तेस्रो | |
| ७ | प्राध्यापक पदोन्नति | २०५९ मा<br>२ जनालाई सहायक प्राध्यपकबाट उपप्राध्यापक | २०६२ मा<br>९ जनालाई उपप्राध्यापक | २०६४ मा<br>७ जनालाई उपप्राध्यापक | |
| ८ | कर्मचारी पदोन्नति | | २०६२ मा ५ जना बढुवा | | |
| ९ | स्थायी प्राध्यापक | २०५९ मा १५ जना | २०६१ मा ७ जना | २०६२ मा ६ जना | २०६४ मा ४ जना |
| १० | स्थायी कर्मचारी | २०५९ मा ८ जना | २०६२ मा २ जना | | |

## ३.७. आर्थिक तथा वित्तीय विकास (Economic and Financial Development)

तालिका नं. १७ : आर्थिक तथा वित्तीय विकास विवरण

| क.स. | आयस्रोत | २०६३/२०६४ | २०६४/२०६५ | २०६५/२०६६ |
|---|---|---|---|---|
| १ | विद्यार्थी शुल्क | १,६१,१५,४९०।- | १,८०,१३,६९८।- | २,२९,६७,८६५।- |
| २ | वि.वि. अनुदान | १,८०,०००।- | १५,०००।- | २,५२,००,०००।- |
| ३ | स्थानिय विकास अनुदान | १,१०,०००।- | - | १,००,०००।- |
| ४ | सरकारी अनुदान | - | - | - |
| ५ | भाडा | ११,२५०।- | ११,२५०।- | ११,२५०।- |
| ६ | चन्दा/ उपहार/ दान | ३६,२००।- | - | ६०,०००।- |
| ७ | बैंक ब्याज | ३,१७,३३०।३५ | ३,०९,१६०।३९ | ४,०४,३१९।१२ |
| ८ | अन्य आय | ८,९२४।- | २,०४,१७०।- | ६,४६,३२०।- |
| ९ | जम्मा | १,६७,७९,१९४।३५ | १,८५,५३,२७८।३९ | २,४४,४१,७५४।१२ |

## ३.८. अनुसन्धान, अभिलेखीकरण र प्रकाशन (Research, Decumentation and Publication)

विद्यार्थीहरूलाई नियमित रूपमा प्राक्टिकम, प्रोजेक्ट वर्क, प्राक्टीकल, शोधकार्य, आदि गर्न लगाउने गरिएको, वार्षिक शैक्षिक क्यालेन्डरको नियमित प्रकाशन, क्याम्पसको मुखपत्र "सुकुना सौरभ" को प्रकाशन भएपनि यसलाई नियमित गर्न नसकिएको ।

## ३.९. अतिरिक्त क्रियाकलाप विकास ( Extra - curricular Development )

यस क्याम्पसमा निम्नानुसारका अतिरिक्त क्रियाकलाप सञ्चालन हुदै आएका छन् :

I. खेलकुद सप्ताह : क्याम्पसले वार्षिक रूपमा सञ्चालन गर्ने गरेको
II. सह-क्रियाकलापहरू : वार्षिक रूपमा हुने गरेको
III. वाह्य क्रियाकलापहरू : समुदायको आयोजनामा भएका कार्यक्रमरूमा भाग लिने गरिएको
IV. अभिलेखीकरण : अतिरिक्त क्रियाकलापहरूको नियमित अभिलेखीकरण गर्न नसकिएको
V. नियमित अभ्यास : शारिरीक शिक्षा सम्बन्धी व्यायामहरू दैनिक रूपमा हुने गरेको
VI. स्वागत कार्यक्रम : स्व.वि.यु. र अन्य विद्यार्थी सङ्ठनहरूले शैक्षिक सत्रको सुरूमा गर्ने गरेको
VII. शैक्षिक भ्रमण : विज्ञान, वाणिज्य, भूगोल विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई वार्षिक रूपमा शैक्षिक भ्रमण गराउने गरिएको

# खण्ड - चार (Section - Four)

## संस्थागत अवस्था विश्लेषण (SWOT Analysis of Institution)

कुनै पनि संस्थाको रणनीतिक योजना तयार गर्दा त्यस संस्थाको वास्तविक अवस्थाको विश्लेषण हुनु जरुरी छ । संस्थाको अवस्था विश्लेषणबाट संस्थाभित्रको वर्तमान अवस्था सबल (Strength), कमजोरी/सुधार पक्ष (Weakness) आन्तरिक रूपमा र बाह्य परिवेशमा प्राप्त हुन सक्ने अवसर (Opportunities) र चुनौती (Threat) को पहिचान गर्न SWOT Analysis गर्नु आवश्यक हुन्छ । यस क्रममा संस्थासँग जोडिएका आन्तरिक तथा बाह्य परिवेशमा सामाजिक, आर्थिक, शैक्षिक, भौतिक एवम् व्यवस्थापन पक्ष र संस्थागत विकासको पक्षमा पुनरवलोकन गरिन्छ । यसै क्रममा सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङको रणनीतिक योजना निर्माणका क्रममा सरोकारवाला पक्षको प्रत्यक्ष संलग्नतामा अवस्था विश्लेषण गरियो । सहभागितात्मक कार्यशैलीमा समूह कार्य गरी प्रस्तुति र छलफलवाट निम्न अवस्थाको पहिचान गरियो :

### ४.१. सवल पक्ष (Strength)

क) सञ्चालक समितिको एकता र प्रतिवद्धता ।
ख) आवश्यकताअनुसार भौतिक पूर्वाधारको निर्माण र विकास ।
ग) कुशल तथ सक्षम क्याम्पस प्रशासन ।
घ) आवश्यकता अनुसार अनुभवी दक्ष शैक्षिक जनशक्तिको व्यवस्था ।
ङ) उल्लेख्य मात्रामा विद्यार्थी सङ्ख्या र सन्तोषजनक परीक्षाफल ।
च) उपयुक्त विषय र सङ्कायको छनोट ।
छ) सञ्चालक समिति क्याम्पस प्रशासन, प्राध्यापक, र विद्यार्थीबीचको सुमधुर सम्वन्ध साथै संस्था सञ्चालनमा साझा दूरदर्शिता ।
ज) प्रभावकारी सामूहिक कार्य ।
झ) विद्यार्थी शुल्क सहुलियत र छात्रवृत्ति आदिको व्यवस्था ।
ञ) विज्ञान सङ्कायमा विशेष शुल्क सहुलियतको व्यवस्था ।
ट) विभिन्न विद्यार्थी सङ्घ-सङ्गठनहरूबीच एकता, समन्वय र सकारात्मक भूमिका ।
ठ) शैक्षिक सङ्गठनात्मक संरचनाको निर्माण र प्रभावकारिता ।
ड) क्याम्पस नियमावलीको र विनियमको निर्माण र कार्यान्वयन ।
ढ) वार्षिक कार्ययोजना तथा बजेटको निर्माण तथा कार्यान्वयन साथै नियमित लेखा परीक्षणको व्यवस्था ।
ण) छात्रवृत्ति, अक्षयकोष र उपादान कोषको व्यवस्था हुनु ।
त) अभिभावक र दाताहरूको योगदान ।
थ) प्रतिबद्ध सञ्चालक समिति, प्राध्यापक, कर्मचारी ।
द) निःस्वार्थ सर्वदलीय र समावेशी सञ्चालक समिति ।
ध) सामाजिक सहयोग र सद्भावना ।
न) आफ्नै जग्गामा ३८ वटा कक्षाकोठाको शिक्षण भवन, छुट्टै पुस्तकालय, छुट्टै प्रशासन भवन, खानेपानी र शौचालयको व्यवस्था ।
प) विषयगत दक्ष प्राध्यापकहरू ।
फ) विभिन्न विषयहरूमा स्नातकोत्तर तहसम्म पठनपाठन ।
ब) स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध विस्तार हुँदै जानु ।
भ) गुणस्तरीय शिक्षाका लागि प्राध्यापकहरूको प्रतिबद्धता ।

म) नियमित बैठक र समीक्षा ।
य) परीक्षा सञ्चालन मर्यादित हुनु ।

## ४.२. दुर्बल पक्ष (Weakness)

क) सञ्चालक समिति र क्याम्पस प्रशासनका पदाधिकारीहरूवीच व्यवस्थापकीय क्षमता अभिवृद्धि तालिम, गोष्ठी र सेमिनारहरू सञ्चालन नहुनु ।
ख) क्याम्पसको प्रशासनिक तथा व्यवस्थापकीय क्षमातामा समयानुकूल आधुनिकीकरण गर्न नसक्नु ।
ग) विज्ञान भवन, प्रयोगशाला, छात्रावास, पुस्तकालय र वाचनालयको समयानुकूल निर्माण, सुधार र आधुनिकीकरण गर्न नसक्नु ।
घ) खेल मैदान व्यवस्थित हुन नसुकनु ।
ङ) अतिथि गृहको व्यवस्था गर्न नसक्नु ।
च) एम. फिल. र पिएच.डी. गरेका जनशक्तिको व्यवस्था गर्न नसक्नु ।
छ) प्राध्यापक तथा कर्मचारीहरूलाई विषयगत तालिम पर्याप्त मात्रामा दिन नसक्नु ।
ज) आवश्यक मात्रामा शैक्षिक अनुगमन र सुपरिवेक्षण हुन नसक्नु ।
झ) कक्षाकोठालाई समयानुकूल आधुनिकीकरण गर्न नसक्नु ।
ञ) क्याम्पस बसको व्यवस्था हुन नसक्नु ।
ट) अतिरिक्त क्रियाकलाप तथा खेलकुदलाई व्यवस्थित गर्न नसक्नु ।
ठ) स्व.वि.युद्वारा सञ्चालन हुने कार्यक्रमहरूमा आवश्यक मात्रामा सहयोग, निरीक्षण र सुपरिवेक्षण हुन नसक्नु ।
ड) साइकल-मोटरसाइकल स्टेन्ड पर्याप्त हुन नहुनु ।
ढ) महिला शौचालयको छुट्टै व्यवस्था हुन नसक्नु ।
ण) क्याम्पसको वार्षिक मुखपत्र र अन्य अनुसन्धानात्मक जर्नलहरू नियमित रूपमा प्रकाशित हुन नसक्नु ।
त) विद्यार्थी पोसाकमा नियमितता र एकरूपता ल्याउन नसक्नु ।
थ) सञ्चालक समितिका पदाधिकारी, क्याम्पस प्रशासन र प्राध्यापकहरूको शैक्षिक तथा अवलोकन भ्रमणको व्यवस्था हुन नसक्नु ।
द) समयानुकूल व्यावसायिक र प्राविधिक शिक्षाको व्यवस्था गर्न नसक्नु ।
ध) B.Sc., B.B.A. , Law र M.Phil कार्यक्रमको सञ्चालन नहुनु ।
न) क्याम्पसमा अनुसन्धान एकाइ (Research cell) को व्यवस्था हुन नसक्नु ।
प) नियमित आयस्रोतको पहिचान र उपयोग हुन नसक्नु ।
फ) क्यम्पसमा पर्याप्त आर्थिक सञ्चिति नहुनु ।

## ४.३. अवसर (Opportunities)

क) राजनीतिक एकता तथा साझा धारणको विकास हुनु ।
ख) भौगोलिक उपयुक्तता हुनु ।
ग) शहरीकरण तथा जनघनत्वमा वृद्धि हुनु ।
घ) त्रि.वि. तथा UGC को क्याम्पसप्रति सकारात्मक दृष्टिकोण ।
ङ) स्थानीय निकाय, छिमेकी गा.वि.स., छिमेकी विद्यालय, क्याम्पस र विभिन्न सङ्घ संस्थाहरूबाट आवश्यक सद्भाव र सहयोग प्राप्त हुन सक्नु ।
च) विद्यार्थी र अभिभावकहरूबाट पर्याप्त मात्रामा विश्वास र सहयोग प्राप्त हुनु।
छ) सुकुना बहुमुखी क्याम्पस पूर्वाञ्चलकै अग्रणी शिक्षा क्याम्पसका रूपमा स्थापित हुनु र यस क्याम्पसबाट पूर्वाञ्चलकै विद्यार्थी लाभान्वित हुनु ।
ज) विद्यार्थीहरूका लागि सुरक्षित र शान्त वातावरण भएको ।

झ) क्याम्पस स्थापना र सञ्चालनका कारण सापुदायिक आर्थिक क्रियाकलाप र विकासमा वृद्धि हुनु ।
ञ) विभिन्न पेसामा संलग्न शिक्षक-कर्मचारीहरूले समेत उच्च शिक्षा हासिल गर्ने अवसर पाउनु ।
ट) पूर्वाञ्चलकै बौद्धिक व्यक्तिहरूको जमघट हुने स्थानका रूपमा विकसित हुनु ।
ठ) विश्वविद्यालयका विज्ञहरूको समेत निरन्तर उपस्थिति, सल्लाह र सुझाव प्राप्त हुनु ।
ड) उच्च शिक्षाको विकेन्द्रीकरणको नीति ।
ढ) सामुदायिक विश्वविद्यालयको अवधारणाको विकास ।
ण) पब्लिक क्याम्पस सङ्घ र प्राध्यापक सङ्घले दवाव समूहको भूमिका खेल्नु ।
त) पाठ्यक्रम निर्माण, विषय समितिमा सहभागिता हुनु ।

## ४.४.चुनौतीहरू (Threats and Challenges)

क) अन्य शैक्षिक संस्थाहरूसँगको प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्नु ।
ख) परीक्षाफललाई परिमाणात्मक र गुणत्मक रूपमा अभिवृद्धि गर्नु ।
ग) क्याम्पसलाई दीर्घकालसम्म समृद्ध र अत्याधुनिक अवस्थामा विकास गर्नु ।
घ) स्थानीय सामाजिक तथा राजनीतिक एकतालाई कायम राख्दै थप विकास गर्नु ।
ङ) क्याम्पसको आर्थिक आत्मनिर्भरतालाई सबल बनाउनु ।
च) क्याम्पसलाई शैक्षिक अनुसन्धान केन्द्र तथा सम्भावित विश्वविद्यालयका रूपमा विकसित गर्नु ।
छ) राजनैतिक अस्थिरता एवम् राजनैतिक प्रभाव ।
ज) खास गरी निजी शैक्षिक संस्थाप्रति विद्यार्थीको आकर्षण बढ्नु ।

## ४.५. संस्थागत विकासका लागि आधार तथा मुख्य प्राथमिकताका क्षेत्र (Basis and core Priorities for the Institutional Development)

संस्थागत अवस्था विश्लेषणको अधारमा क्याम्पसले चाहेको परिकल्पनामा पुग्न र संस्थागत विकासका लागि प्रभावकारी ढङ्गले अपेक्षित वा चाहेको अवस्थामा पुग्नलाई आधारभूत तथा मुख्य प्राथमिकताको क्षेत्रका रूपमा रणनीतिक योजनाको निर्माण कार्यमा संलग्न सरोकार पक्षका सहभागीहरूको सामूहिक छलफल र अन्तरक्रिया एवम् समूहकार्य प्रस्तुतिका आधारमा निम्न पक्षको समुचित/समयानुकूल विकास गर्नु पर्ने ठहर गरी रणनीतिक योजनाको आधारभूत तथा मुख्य प्राथमिकता क्षेत्र अघि सारिएको छ ।

क. प्रभावकारी व्यवस्थापन (संस्थागत विकास): संस्थागत क्षमता अभिबृद्धि गरी व्यवस्थापकीय प्रभावकारिता गर्ने ।
ख. शैक्षिक विकास – गुणत्मक र मात्रात्मक रूपमा शैक्षिक वृद्धि गर्ने ।
ग. भौतिक पूर्वाधार विकास – आधारभूत भौतिक साधनले सम्पन्न गराउने ।
घ. दिगो आर्थिक विकास/आर्थिक स्रोत व्यवस्थामन – क्याम्पसलाई आत्मनिर्भर वनाउने ।
ङ. अनुसन्धान, अभिलेखीकरण र प्रकाशन – शैक्षिक अनुसन्धान तथा प्रकाशन एवम् शैक्षिक/भौतिक/आर्थिक/प्रशासनिक अभिलेख चुस्त दुरुस्त वनाउने ।
च. सुशासन – सुशासन कायम गर्नु ।
छ. लैङ्गिक संवेवदनशीलता तथा समावेशीकरण – लैङ्गिक क्षमता र समावेशीकरणमा विकास गर्ने ।

# खण्ड - पाँच (Section - Five)
## रणनीतिक योजना (Strategic Plan)

रणनीतिक योजना भनेको उपलब्ध साधनहरूको आधारमा वातावरणीय विश्लेषण गरी संस्थाको सवल पक्ष, दुर्वल पक्ष, अवसर तथा चुनौतीहरू पहिचान गरी सङ्गठनात्मक रूपमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु र विकल्पको छनोट गरी कार्ययोजना बनाउनु हो ।
यस क्याम्पसको रणनीतिक योजनाको निर्माण गर्ने क्रममा क्याम्पसको **Vision, Mission, Goals and Objectives (**VMGO), आचारसंहिता र रणनीतिक योजनाका प्रमुख क्षेत्रहरूका आधारमा सरोकार पक्षबीच सहभागितात्मक रूपमा समूहगत प्रस्तुति र छलफल गरी निम्नानुसार तयार गरिएको छ ।

### ५.१ Vision, Mission, Goals and Objectives (VMGO)

दूरदृष्टि(Vision) : यस क्याम्पसले “सभ्य, समुन्नत र समतामूलक समाज निर्माणका लागि शैक्षिक उन्नयन”(Academic excellence for civilized, advanced and equitable society) गर्ने दूरदृष्टि राखेको छ ।

ध्येय (Mission) : “भौतिक पूर्वाधारको विकास गरी मानव संसाधनको उच्चत्तम व्यवस्थापन गर्दै जनसहभागितामा आधारित गुणस्तरीय, प्राविधिक एवम् व्यावहारिक शिक्षा प्रदान गर्नुका साथै अनुसन्धान तहसम्मको उच्च र दक्ष जनशक्ति उत्पादन गर्नु“ यसको आधारभूत ध्येय रहेको छ ।

लक्ष्य (Goal) : “जनसहभागितामा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्दै उच्च, अनुसन्धानमूलक दक्ष जनशक्ति उत्पादन गर्ने“ लक्ष्य लिइएको छ ।

उद्देश्यहरू Objectives) : उल्लिखित लक्ष्य प्राप्तिकालागि निम्न उद्देश्यहरू निर्धारण गरिएको छ :

१. भौतिक पूर्वाधारको विकास गर्ने ।
२. क्याम्पसमा भएका स्रोत साधनहरूको अधिकतम परिचालनमा जोड दिने ।
३. प्राध्यापक तथा कर्मचारीहरूको क्षमता र स्तर वृद्धि गर्दै लैजाने ।
४. सम्बन्धित सरोकारवालाहरूसँग सुसम्बन्ध कायम गरी सबैको स्वामित्व (Ownership) स्थापित गर्न पहल गर्ने ।
५. दिगो आर्थिक स्रोतको पहिचान, परिचालन र व्यवस्थापन गर्ने ।
६. अनुकूल शैक्षिक वातावरण तयार गर्ने ।
७. क्याम्पसलाई स्रोतकेन्द्रका रूपमा विकास गर्दै लैजाने ।
८. स्थानीय निकाय, सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सङ्घ संस्थाहरूसँग सम्बन्ध बिस्तार गर्दै लैजाने ।
९. विवरणको अभिलेखीकरण, अनुसन्धान र प्रकाशन गर्दै लैजाने ।
१०. अनुसन्धान तहसम्मको शिक्षा प्रदान गर्न पहल गर्ने ।
११. क्याम्पस सञ्चालक समिति, प्राध्यापक, विद्यार्थी, व्यवस्थापकीय निकाय एवम् अभिभावकबीचमा सचेतना अभियान र क्षमता अभिवृद्धि गर्दै लैजाने ।
१२. प्रयोगशाला र पुस्तकालयको आधुनिक व्यवस्थापन गर्ने ।

१३. लैङ्गिक संवेदनशीलता र समावेशीकरण प्रक्रियामा जोड दिने ।
१४. पारदर्शिता र सुशासनका लागि आवश्यकताअनुसार नीति निर्माण र कार्यान्वयनमा जोड दिने।
१५. क्याम्पसको आन्तरिक व्यवस्थापनमा जोड दिने ।
१६. विज्ञान र प्राविधिक शिक्षातर्फ कार्यक्रम थप गर्ने ।
१७. भौतिक सम्पत्तिको संरक्षण, संवर्द्धन र अभिलेखीकरण गर्ने ।
१८. संस्थागत विकास र सुदृढीकरणका लागि योगदान गर्ने व्यक्ति, समूह, संस्थाको पहिचान गरी सम्मान गर्ने ।
१९. संस्थागत सुदृढीकरण र सबलताका लागि आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने ।
२०. उपदानकोष, अक्षयकोषको स्थापना र विकास गर्दै असहाय, अपाङ्ग, अशक्त, सुविधाबाट बञ्चित, पछाडि परेका/पारिएका सीमान्तीकृत, गरिव, महिला, दलित, आदिवासी, जनजाति, द्वन्द्वपीडित बालबलिकाको शिक्षामा पहुँच वृद्धि गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
२१ सिकाइ उपलब्धि वृद्धि गर्ने ।

५.२ आधारभूत मूल्यमान्यताहरू (Core Values and Norms)

यस क्याम्पसले निम्न आचारसंहिता निर्माण गरी लागू गरेको छ :

**क. शिक्षक/प्राध्यापकहरूका लागि आचारसंहिता :**

१. नियमित रूपमा उपस्थित हुनुपर्ने,
२. प्राध्यापकले तोकिएको जिम्मेवारी वहन गर्नुपर्ने,
३. क्याम्पसद्वारा निर्धारित समय क्याम्पसलाई दिनुपर्ने,
४. कक्षाभित्र पूरा समय पढाउनुपर्ने,
५. पठनपाठनको समयमा मोबाइल फोनको प्रयोग गर्न नहुने,
६. विदा वस्नुपरेमा प्रशासनलाई पूर्व जानकारी गराउनुपर्ने,
७. क्याम्पसहाताभित्र सक्रिय राजनीतिक गतिविधि नगर्ने,
८. प्रशासन, विद्यार्थी तथा प्राध्यापकवीच समन्वयात्मक भूमिका निर्वाह गर्ने,
९. जाति, लिङ्ग, वर्ण, धर्म, पेसा, राजनीतिक आस्था आदि कुनै पनि आधारमा भेदभावमूलक व्यवहार नगर्ने,
१०. विद्यार्थीहरूप्रति सद्व्यवहार गर्ने ।
११. क्याम्पस नियमावली अनुसार क्याम्पस प्रमुखको मातहतमा रही जिम्मेवारी निर्वाह गर्ने ।

**ख. विद्यार्थीहरूका लागि आचारसंहिता :**

१. तोकिएको समयमा क्याम्पस प्रवेश गर्ने,
२. क्याम्पसले तोकेको पोसाक लगाउनुपर्ने,
३. नियमित रूपमा पठनपाठनमा सरिक हुनुपर्ने,
४. स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न भूमिका निर्वाह गर्ने
५. विनाअनुमति क्याम्पसमा भित्रवाहिर नगर्ने,
६. पठनपाठनका समयमा मोबाइल, आइपड लगायतका सामान प्रयोग नगर्ने,
७. प्रशासनिक कार्यकक्षमा अनुमति लिएर मात्र प्रवेश गर्ने,
८. गुरुवर्गप्रति शिष्ट र सम्मानित व्यवहार गर्ने,
९. गैरशैक्षिक सामग्रीहरू बोकी कक्षाकोठामा प्रवेश नगर्ने,

१०.क्याम्पसले तोकेका शैक्षिक कार्यकलापमा अनिवार्य उपस्थित हुने,
११. भित्ता, डेस्कबेन्च, शौचालय आदि स्थानमा कोर्न/लेख्न नहुने,
१२. सदैव महान् भावना लिएर अघि बढ्ने ।
१३. विद्यार्थी साथीहरूबीच सदैव सहयोगी र मित्रवत् व्यवहार गर्ने ।

**ग. सञ्चालक समिति, प्राध्यापक, कर्मचारी तथा विद्यार्थी सबैले निम्न आचारसंहिता पालना गर्नुपर्नेछ :**

१. क्याम्पस हाताभित्र धूमपान, मद्यपान, गर्न नहुने,
२. पठनपाठन र प्रशासनिक क्रियाकलापलाई प्रभाव पार्ने गरी मोबाइलको प्रयोग गर्न नहुने,
३. गैरशैक्षिक सामग्री लिई क्याम्पस हातामा प्रवेश नगर्ने,
४. लैङ्गिक, जातीय, धार्मिक तथा सांस्कृतिक सद्भाव कायम गर्ने,
५. मर्यादित रूपमा आ-आफ्नो काम, कर्तव्य निर्वाह गर्ने,
६. क्याम्पसका प्रत्येक क्रियाकलाप पारदर्शी बनाउने,
७. पारस्परिक सहयोग, आदर र सम्मानको भावना अभिवृद्धि गर्ने,
८. त्रि.वि. र क्याम्पस नियमावलीको पालना गर्ने ।

## ५.३ रणनीतिक योजनाका प्रमुख क्षेत्रहरू (Major Sectors of Strategic Plan)

### १. क्षेत्र- व्यवस्थापन (संस्थागत विकास)

क) **लक्ष्य :** क्याम्पसको संस्थागत क्षमता अभिबृद्धि गरी व्यवस्थापकीय प्रभावकारिता प्राप्त गर्ने ।

तालिका नं. १८ : व्यवस्थापकीय रणनीतिहरू

| २.उद्देश्य | ३. क्रियाकलाप | ४. सूचक | ५. रणनीति |
|---|---|---|---|
| क. प्रशासनिक तथा साङ्गठनिक संरचनालाई व्यवस्थित गर्ने । | क. संरचनात्मक ढाँचा को विस्तार र अद्यावधिक । | क. अभिलेख राखी ग्राफ, चार्ट प्रस्तुत गरिएको हुनेछ । | क. प्राध्यापक, कर्मचारीहरूको दरवन्दी किटान र विभिन्न समिति, उपसमितिहरूको गठन । |
| ख. व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्ने । | ख. विभिन तालिम, गोष्ठी, अवलोकन भ्रमण र अन्तरक्रियाको आयोजना । | ख. वर्षमा १ पटक त्यस्ता कार्यक्रमहरू गरी अभिलेख राखिएको हुनेछ । | ख. वर्षमा १ पटक शैक्षिक तालिम, गोष्ठी गर्ने, ५ वर्ष भित्रमा २ पटक देशीय र १ पटक अन्तर्देशीय अवलोकन भ्रमण गर्ने, सरोकारवालाहरूसँग वर्षमा १ पटक अन्तरक्रिया गर्ने । |
| ग. आधुनिक सूचना प्रणालीलाई व्यवस्थित गरी उपयोगमा ल्याउने । | ग. आधुनिक सूचना प्रणालीका उपकरणहरूको उपयोग गर्ने । | ग. उपकरणहरूको अभिलेख र प्रगति विवरण राखिएको हुनेछ । | ग. आवश्यक उपकरण खरिद गर्ने । भइरहेका उपकरणहरूलाई व्यवस्थित गर्ने । उपकरणको प्रयोग सम्बन्धी तालिमको आयोजना गर्ने । Internet, E-Library / E-commerce को सुविधा उपलब्ध गराउने । लेखा र परीक्षाको अभिलेखलाई कम्प्युटराइज गर्ने । Multimedia Projector को प्रयोग गरी शिक्षण कार्यको थालनी गर्ने । |
| घ. प्राध्यापक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने । | घ. आवधिक तालिम र उच्च शिक्षाका लागि प्रोत्साहित गर्ने । | घ. तालिम प्राप्त जनशक्तिको अभिलेख र अनुसन्धानात्मक कार्यहरूको लगत राखिएको हुनेछ । | घ. प्राध्यापक तथा कर्मचारीहरूलाई विषयगत तालिमको योजना ज्येष्ठताका आधारमा बनाइने छ । प्राध्यापकहरूलाई निश्चित कोटा बजेटमा उल्लेख गरी एम. फिल., र पीएच. डी. र मिनि रिसर्चका लागि अवसर प्रदान गर्ने । प्रत्येक वर्ष विषयगत रूपमा १/१ वटा अनुसन्धानात्मक कृति (Research Journals) हरू प्रकाशन गरिन्छ । त्रि.वि. स्तरका कार्यक्रमहरूमा प्राध्यापकहरूलाई |

| | | | |
|---|---|---|---|
| | | | प्रतिनिधित्व गराइनेछ । |
| ङ. क्याम्पसका नीति नियमहरूलाई समयानुकूल बनाउँदै लैजाने । | ङ. क्याम्पस नियमावली, विनियमहरू र आचारसंहिताहरूको परिमार्जन र कार्यान्वयन । | ङ. नियमावली र विनियमहरूको अभिलेख र आचार संहिताहरू सार्वजनिक गरिएको हुनेछ । | ङ. क्याम्पस नियमावलीलाई आवश्यकताअनुसार परिमार्जन गरी समयानुकूल बनाउने । विभिन्न सङ्काय, विभाग, समिति, उपसमिति र कोषहरूसँग सम्बन्धित विनियमहरूको निर्माण र कार्यान्वयन गर्ने । प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूको आचारसंहिता सामूहिक रूपमा निर्माण गरी लागू गर्ने । |
| च. क्याम्पस र सरोकारवालाहरूको अन्तरसम्बन्धलाई सुदृढ बनाउँदै लैजाने । | च. सूचनाहरू प्रकाशन, प्रचार प्रसार र अन्तरक्रियात्मक कार्यक्रमहरू गर्ने । क्याम्पसका समग्र गतिविधिहरूको डकुमेन्टरी तयार गर्ने । जग्गा दाता, चन्दादाताहरूको अभिलेखीकरण गर्ने । | च. शोधपुछ शाखा, सूचनाहरूको प्रचार प्रसार र अन्तरक्रियात्कम कार्यक्रमहरू सञ्चालन भएको अभिलेख राखेको हुनेछ । Documentary र अभिलेखहरू उपलब्ध हुनेछन् । | च. सरोकारवालाहरूको सुविधाका लागि सोधपुछ (Inquiry) शाखाको व्यवस्था । महत्त्वपूर्ण सूचनाहरू इलेक्ट्रोनिक मेडिया, मोवाइल (SMS) Notice board सेवा आदिको माध्यमबाट सार्वजनिक गरिनेछ । क्याम्पसको वार्षिक मुखपत्र, Prospectus, वार्षिक क्यालेन्डर आदि प्रकाशन गरी सहज ढङ्गले उपलब्ध गराइनेछ । विभिन्न सरोकारवाला पक्षसँग वर्षमा १ पटक अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने । जग्गा दाता, चन्दादाता, पूर्व र वर्तमान सञ्चालक समिति, प्राध्यापक र विद्यार्थीहरू समेतको रेकर्ड राखी क्याम्पसका समग्र गतिविधिहरूको Documentary तयार गरिनेछ । उक्त वृतचित्रलाई Media / Web site मा समेत राखिनेछ । क्याम्पस परिषद्को बैठकलाई नियमावली अनुसार निरन्तरता दिने र बेलाबेलामा पुनर्मिलन, विदाई तथा स्वागत कार्यक्रमहरू सञ्चालन गर्ने । |
| छ. आर्थिक र भौतिक पक्षहरूलाई सुदृढ बनाउँदै लैजाने । | छ. आर्थिक स्रोतको पहिचान, विश्लेषण र व्यवस्थापन गर्ने । conflict management, Team building management. | छ. कार्यटोलीको निर्माण र प्रगतिविवरणको अभिलेख राखेको हुनेछ । | छ. आर्थिक स्रोतको पहिचान, विश्लेषण गर्न एउटा कार्यटोलीको निर्माण गरिनेछ । आर्थिक तथा भौतिक पक्षलाई सुदृढ बनाउन आवश्यक नीति, नियमहरू बनाउने । कार्यटोलीको निष्कर्षलाई कार्यान्वयन गर्ने । |
| ज. अनुकूल शैक्षिक वतावरणको निर्माण गरी शैक्षिक गुणस्तरको अभिवृद्धि गर्ने । | ज. शान्तिपूर्ण वातावरणको निर्माण, छात्रवृत्ति, पुरस्कार तथा प्रभावकारी अनुगमन एवम् मूल्याङ्कन । Monitoring and evaluation, Proposal writing, Leadership, Library management, Training. | ज. अनुगमन, सुपरिवेक्षणको रेकर्ड राखेको हुनेछ। शैक्षिक गुणस्तर तथा शैक्षिक उपलब्धीको अभिलेख राखिएको हुनेछ । | ज. शान्तिपूर्ण वातावरण निर्माणका लागि सामूहिक प्रयत्न गर्ने । निर्माण गरिएका आचारसंहितालाई कडाइका साथ लागू गर्ने । छात्रवृति, पुरस्कार र सुधारको व्यवस्था गर्ने। Self direction / self inspiration लाई प्रोत्साहित गर्ने । आवश्यकताअनुसारका विषयमा अतिरिक्त समयमा थप कक्षाहरू सञ्चालन गर्ने । |
| झ. अनुगमन तथा निरीक्षण प्रणलीलाई प्रभावकारी बनाउने । | झ. अनुगमन संयन्त्रको निर्माण गर्ने । | झ. अवलोकन, अनुगमन सम्बन्धी अभिलेख राखेको हुनेछ । | झ. क्याम्पसका सम्पूर्ण गतिविधिहरूलाई अनुगमन र मूल्याङ्कन गर्न आवश्यक संयन्त्र (Mechanism) को निर्माण गर्ने । शैक्षिक सुपरिवेक्षणलाई प्रभावकारी वनाउन आवश्यक तालिम, गोष्ठीको आयोजना गर्ने । |

२. क्षेत्र- शैक्षिक गुणस्तर विकास (Quality Development)

क) लक्ष्य : गुणात्मक र मात्रात्मक रूपमा शैक्षिक स्तर वृद्धि गर्ने ।

ख) उद्देश्यहरू :

- शिक्षण प्रक्रियामा आधुनिकीकरण गर्ने ।
- आन्तरिक परीक्षाहरूलाई नियमित, अनिवार्य र उद्देश्यमूलक बनाउने ।
- शैक्षिक वातावरणलाई मर्यादित बनाउने ।
- कक्षाकोठा, पुस्तकालय, छात्रावास र प्रयोगशालाको व्यवस्था गर्ने ।
- प्राध्यापक तथा सञ्चालक समितिका पदाधिकारीहरूको क्षमता वृद्धि गर्ने ।
- शिक्षक, समिति, अभिभावक तथा विद्यार्थीहरूका बीच सम्बन्ध विस्तार गर्ने ।
- क्याम्पसमा सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको नियमित अनुगमन र मूल्याङ्कन गरी सम्बद्ध पक्षलाई प्रोत्साहन, पुरस्कार तथा कदर गर्दै आवश्यक सुधारका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- विभिन्न सङ्कायमा कार्यक्रमहरू थप गर्ने ।

**ग) शैक्षिक गुणस्तर विकासका लागि क्रियाकलापहरू :**

- कक्षा शिक्षणलाई विद्यार्थीकेन्द्रित बनाउँदै शिक्षण क्षेत्रमा प्रयोग गरिने आधुनिक सामग्रीहरूको प्रयोग गर्ने।
- आन्तरिक परीक्षाहरूलाई क्याम्पसको शैक्षिक कार्यक्रमभित्र राखी विद्यार्थीहरूलाई अनिवार्य सहभागी गराउने ।
- शान्त, सुन्दर, सफा तथा आधुनिक सुविधायुक्त एवं प्रेरणादायी कक्षा सञ्चालन गर्ने र क्याम्पस परिसरलाई मर्यादित बनाउने ।
- E-library, विषयगत पर्याप्त पाठ्यपुस्तक तथा सन्दर्भसामग्री र सुविधायुक्त वाचनालयको व्यवस्था गर्ने ।
- विषयगत, सङ्कायगत र विद्यार्थीको सङ्ख्या अनुसारको सुविधासम्पन्न प्रयोगशालाको व्यवस्था गर्ने ।
- M. Phil, अनुसन्धानात्मक तथा सिर्जनात्मक कार्य गर्ने र तालिम गोष्ठी सञ्चालन गर्ने तथा शैक्षिक स्थलगत अवलोकन भ्रमण गर्ने ।
- शिक्षक , कर्मचारी तथा विद्यार्थीका क्रियाकलापहरूको नियमित अनुगमन मूल्याङ्कन गरी त्यसको अभिलेखीकरण गरी प्रोत्साहन, पुरस्कार तथा कदर गर्दै सुधारका लागि कार्य गर्ने ।
- शिक्षा, मानविकी, व्यवस्थापन र विज्ञान सङ्कायहरूमा कार्यक्रमहरू थप गर्ने एवम् प्राविधिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
- क्याम्पसको छात्रावासलाई मर्यादित एवम् स्वच्छ शैक्षिक छात्रावास बनाउने ।

घ) सूचकहरू :

- White- board को प्रयोग, Multimedia Projector, OHP, Laptop जस्ता आधुनिक साधनहरूको प्रयोग हुनेछ ।
- अनुसन्धान र मर्यादित ढङ्गले आन्तरिक परीक्षा सञ्चालन भएको हुनेछ ।
- क्याम्पसबाट सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन हुने ।
- E- Library को प्रयोग हुनेछ ।

- विज्ञान, गणित, भूगोल, कम्प्युटर, एवम् सङ्गीतका लागि छुट्टाछुट्टै साधनयुक्त प्रयोगशाला हुने ।

ङ) रणनीतिहरू :

- क्याम्पस तथा स्थानीय निकाय, सरकारी निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय दातृनिकायहरूको साझेदारीमा निम्न कार्यक्रमहरू सञ्चालन गर्ने-
  - o शिक्षण सिकाइ प्रक्रियामा प्रयोग गरिने आधुनिक उपकरणहरू - Multimedia Projector, OHP, Laptop, CC Camera
  - o E-library, विष्यगत पाठ्यपुस्तक र सन्दर्भ सामग्री वृद्धि एवम् वाचनालयको क्षमता अभिवृद्धि ।
  - o प्रयोगशाला निर्माण र विस्तार - विज्ञान, गणित, भूगोल, कम्प्युटर, सङ्गीत आदि ।
  - o M. Phil. को लागि अध्ययनको व्यवस्था
  - o व्यवस्थापन भ्रमण
  - o तालिम, गोष्ठी
  - o अनुसन्धानात्मक कार्य
- क्याम्पस, स्ववियु, विद्यार्थी सङ्गठनहरू, प्राध्यापक र कर्मचारीहरूको संयुक्त प्रयासमा हुने-
  - o विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूको अनुगमन, मूल्याङ्कन र प्रोत्साहन ।
  - o अतिरिक्त, सहक्रियाकलाप, कक्षा व्यवस्थापन, छात्रावास व्यवस्थापन ।
- क्याम्पसले सम्बन्धित निकायहरूसँग सम्बन्ध स्थापित गरी विभिन्न शैक्षिक कार्यक्रमहरू थप गर्ने ।

## ३. क्षेत्र : भौतिक पूर्वाधारको निर्माण (Infrastructure Development)

क) लक्ष्य : क्याम्पसलाई भौतिक सुविधा सम्पन्न बनाई गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नु।

ख) उद्देश्यहरू :

क. विज्ञान शिक्षण भवन, चमेना गृह, प्रयोगशाला कक्ष, छात्रावास, अतिथि गृह र प्रतीक्षालय कक्षको निर्माण गर्नु ।

ख.Compound wall निर्माण गर्नु ।

ग. खेलकुद मैदानको स्तरोन्नति, ढल निकासको प्रबन्ध, सवारी साधनको व्यवस्थापन, स्वास्थ्य क्लिनिक र बोटानिकल गार्डेन निर्माण  गर्नु ।

घ. प्रशासनिक भवन, सभाकक्ष, कक्षाकोठामा पर्याप्त फर्निचरको व्यवस्था, अपाङ्ग विद्यार्थीहरूकालागि अनुकूल कक्षाकोठा/फर्निचरको व्यवस्था गर्नु ।

ङ. शिक्षक / कर्मचारीको आवास गृह एवम् क्याम्पस हाताभित्र बाटो निर्माण गर्नु ।

च. सवारीसाधन पार्किङ स्थलको निर्माण गर्नु ।

छ. निर्मित भौतिक संरचनाको मर्मत, संभार, संरक्षण र सम्बर्धन गर्नु ।

ग) **क्रियाकलापहरू :**

१. विज्ञान शिक्षण भवन निर्माण ।
२. Compound Wall पूरा गर्ने ।
३. खेलमैदान ढलनिकासको व्यवस्था गर्ने ।
४. चमेनागृह निर्माण ।
५. थप फर्निचर निर्माण ।
६. थप पिउने पानीको व्यवस्था ।
७. थप व्यवस्थित शौचालय ।
८. प्रयोगशालाकक्षको निर्माण
९. सवारी साधन पार्किङ स्थल विस्तार ।
१०.क्याम्पसहाता भित्रको बाटो निर्माण ।
११. क्याम्पस Health Clinic सञ्चालन ।
१२. अपाङ्ग विद्यार्थीका लागि उपयुक्त कक्षा कोठा र फर्निचरको निर्माण ।
१३. अतिथि गृहको निर्माण ।
१४. प्रतीक्षालयकक्षको निर्माण ।
१५. छात्रावासको निर्माण ।
१६. Botanical Garden को निर्माण ।
१७. शिक्षक कर्मचारी आवासगृह निर्माण ।
१८.जग्गा खरिद ।
१९. क्याम्पसलाई जोड्ने सडक ।
२०. प्रशासनिक र लाईब्रेरी भवनको तेस्रो तला पूरा गर्ने ।
२१. अडिटोरियम हल निर्माण गर्ने ।

घ) **सूचकहरू :**

- विज्ञान शिक्षण भवन निर्माण र प्रयोग भएको हुनेछ ।
- कम्पाउन्ड वालको घेराबार भएको हुनेछ ।
- खेलमैदानको निर्माण र प्रयोग भएको हुनेछ ।
- व्यवस्थित चमेनागृहको निर्माण भएको हुनेछ ।
- पर्याप्त फर्निचर भएको हुनेछ ।
- स्वच्छ पिउने पानीको व्यवस्था भएको हुनेछ ।
- थप ३ वटा शौचालय हुनेछन् ।
- सुविधासम्पन्न प्रयोगशाला हुनेछ ।
- थप पार्किङ्क स्थल उपलब्ध हुनेछ ।
- बाटो निर्माण भई उपयोगमा आउनेछ ।
- प्राथमिक उपचारसेवा प्राप्त हुनेछ ।
- अपाङ्ग मैत्री वातावरण हुनेछ ।
- अतिथिगृह निर्माण र उपयोग हुनेछ ।
- उपयुक्त ठाउँमा प्रतीक्षालय हुनेछ ।
- छात्र/ छात्राका लागि छात्रावास निर्माण र प्रयोग हुनेछ ।
- घेरावारसहितको सुन्दर बोटानिकल गार्डेन तयार भएको हुनेछ ।

- शिक्षकहरूका लागि आवासगृह हुनेछ ।
- संस्थाको नाममा थप जग्गा दर्ता भएको हुनेछ ।
- क्याम्पसदेखि राजमार्ग जाने सडक उपयोग भएको हुनेछ ।
- प्रशासनिक भवनको ३ तला पूरा भएको हुनेछ ।
- सभा सम्मेलन व्यवस्थित रूपमा सञ्चालन हुनेछ ।

ङ) रणनीतिहरू :

- स्थानीय स्रोत साधनको अधिकतम सङ्कलन र परिचालन गर्ने ।
- कलेजको आन्तरिक स्रोत, U.G.C. बाट प्राप्त अनुदान र अन्य स्रोत व्यवस्था गरी निर्माण विशेषज्ञहरूको सल्लाह अनुसार निर्माण कार्य सम्पादन गरिनेछ ।
- सरोकार पक्षको संलग्नतामा जिम्मेवारीको बाँडफाँड गरी भौतिक निर्माण कार्यलाई व्यवस्थित गरिनेछ ।
- सहयोगी निकाय र दातृसंस्थाको नीति अनुसार कार्यलाई अगाडि बढाइनेछ
- आन्तरिक स्रोत र सहयोगी निकायसँगको साझेदारीमा भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।
- स्थानीय तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायसँग सम्बन्ध विस्तार गर्ने ।

४. क्षेत्र : आर्थिक स्रोत व्यवस्थापन (दिगो अर्थिक विकास) :

क) लक्ष्य : "दिगो आर्थिक स्रोत व्यवस्थापन गरी आर्थिक रूपले सुसम्पन्न र आत्मनिर्भर बनाउने"

ख) उद्देश्यहरू :

- क्याम्पसलाई निरन्तर रूपले आर्थिक स्रोतयुक्त बनाउने ।
- स्थानीय स्रोत साधनलाई अधिकतम उपयोग गर्ने ।
- आन्तरिक र बाह्य स्रोत सङ्कलन र परिचालन एवम् व्यवस्थापन गर्ने ।
- आर्थिक प्रणालीलाई पारदर्शी, मितव्ययी र सूचनामूलक बनाउने ।

ग) कियाकलापहरू :

- आर्थिक स्रोतको पहिचान र विश्लेषण गर्ने ।
- आर्थिक कोषको अभिवृद्धिनीति तयार गर्ने ।
- आर्थिक स्रोत परिचालन गर्न आर्थिक नीति तयार गरी लागू गर्ने ।
- सरकारी, गैरसरकारी तथा दातृनिकायहरूसँग सम्बन्ध विस्तार गरी पहुँच वृद्धि गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक कियाकलापलाई सूचनामूलक एवं पारदर्शी बनाउने ।
- दाताहरूलाई आकर्षण र सम्मान गर्ने वातावरण तयार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक सञ्जाल तयार गर्ने ।
- देउसीभैलो तथा चिट्ठा, चन्दा, सहयोग
- प्रकाशन

घ) सूचकहरू :

- आर्थिक अभिलेखीकरण तथा प्रकाशन भएको हुनेछ ।
- आर्थिक नीति, विनियम, नियमावलीको निर्माण र प्रयोग भएको हुनेछ ।
- आर्थिक नीति, विनियम, नियमावलीको निर्माण र कार्यान्वयन भएको हुनेछ ।
- विभिन्न सङ्घ संस्था, दाताहरूबाट सङ्कलन गरिएको रकम प्राप्त भएको हुनेछ ।
- विभिन्न सङ्घ संस्था दाताहरूबाट सङ्कलन गरिएको रकम प्रयोग भएको हुनेछ ।
- लेखापरीक्षण प्रतिवेदन तथा प्रकाशन र सामाजिक परीक्षण भएको हुनेछ ।
- दाताहरूबाट थप सहयोग प्राप्त भएको हुनेछ ।
- दाताहरूको सञ्जाल तयार भएको हुनेछ ।
- आर्थिक सबलीकरणमा थप योगदान पुगी आम्दानी वृद्धि भएको हुनेछ ।
- दृश्य–सामग्री (CD/ VCD ), डकुमेन्ट्री तथा Website हरूको व्यवस्था भएको हुनेछ ।

ङ) रणनीतिहरू :

- विद्यार्थी सङ्ख्यामा अभिवृद्धि गर्न उपयुक्त शैक्षिक वातावरण तयार गरी नियमित आम्दानीको स्रोत जुटाउने ।
- तालिम, सेमिनार, गोष्ठी, भेटघाट, छलफल, पुनर्मिलन, अन्तरक्रिया सञ्चालन गरी स्रोत जुटाउने ।
- सहमतिका आधारमा स्थानीय स्रोतहरू (सामुदायिक वन, खोला, जग्गा रजिस्ट्रेसन ) बाट नियमित स्रोत जुटाउने ।
- सेवाक्षेत्रभित्रका ऐलानी, पर्ती जग्गाको खोजी गरी क्याम्पसको स्वामित्व कायम गर्ने ।
- आयआर्जनका दृष्टिले उपयुक्त ठहरिएका बिरुवा रोपन गरी स्रोत वृद्धि गर्ने ।
- क्याम्पस प्रवेशद्वार आसपास व्यावसायिक भवन निर्माण गरी स्रोत जुटाउने ।
- स्थानीय निकायहरूबाट शिक्षा सेवा सहयोग लिन सहमति जुटाउने ।
- नियमित र दिगो आम्दानीका लागि योजनाको छनोट गरी लगानी गर्ने ।
- सरकारी तथा गैरसरकारी निकायहरूसँग उपयुक्त योजना तर्जुमा गरी अनुदान माग गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगको लागि पहल गर्ने ।
- कुनै व्यक्तिको स्मरणमा अक्षयकोष वा भौतिक निर्माण तथा आर्थिक सहयोग प्रदान गर्ने अवस्था सिर्जना गर्ने ।
